# अजयमेरु गाउँपालिका, डडेल्धुराको
# लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण
# (GEDSI) परिक्षण प्रतिवेदन (आ.व. २०८२/०८३)




**प्रतिवेदन तयार गर्ने :**

अजयमेरु गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

<u>सहजीकरणः</u>
आवाज मिडिया कन्सलटेन्सी
अमरगढी-५, डडेल्धुरा

प्रतिवेदन पेश गरिएको मितिः

२०८३ असार १५

# विषय सुची

## भाग १ : परिचय खण्ड


पृष्ठभुमी ........................................................................................ ३

१.२ लैसअसास परिक्षणको औचित्य ................................................................ १०

१.३ लैसअसास परिक्षणको उद्देश्य ................................................................ १३

१.३.१ सामान्य उद्देश्य ..........................................................................१३

१.३.२ विस्तारित उद्देश्यहरु ............................................................ ............... १४


## भाग २ : लैसअसास परिक्षण विधि र तौरतरिकाहरु


२.१ लैसअसास परिक्षण शैद्धान्तिक मान्यता ...................................................... .... १५

२.२ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परिक्षणले समेट्ने क्षेत्रहरु .. १७

२.३ लैसअसास परिक्षण विधि प्रकयाहरु ............................................................ १९

२.४ लैसअसास परिक्षणका सहभागीहरु .......................................................... २०

२.५ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका उपलब्धिहरु ..... २२

२.६ लैसअसास परिक्षणका सुचकहरु र अंक भार ............................................... २४

२.७ लैसअसास परिक्षणका उपसुचकहरु...........................................................२५

भाग ३ :लैसअसास परिक्षणबाट आएको नतिजा.................................................... २६

३.१ शिवनाथ गाँउपालिकाको लैसअसास परिक्षण अंकभार........................................ २६

३.२ लैसअसासपरिक्षण नतिजाको ड्यासबोर्ड प्रस्तुती............................................२७-३२

३.३ लैससासको सवल तथा सुधार्नुपर्ने पक्ष र चुनौति तथा अवसरहरु........................... ३२

३.४ लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको कार्ययोजना............................... ४१

भाग ४ : निष्कर्ष र सुझावहरु.......................................................................... ४३

४.१ निष्कर्ष ........................................................................................ ४३

४.२ सुझावहरु .................................................................................... ४३

अनुसची १ सहभागी विवरण ........................................................... ..............४५

अनुसची २ कार्यदल विवरण ........................................................... ..............४६

अनुसूची ३ कार्यक्रमसँग सम्बन्धित फोटोहरु ................................................ ४७-४८

गाँउपालिकाको लैसअसासको प्राप्त अंक भार............................................... ४९-८२

# भाग : १
# परिचय खण्ड

## १.१) **पृष्ठभुमी**

हाल कार्यान्वयनमा रहेको नेपालको संविधान २०७२ ले नेपाललाई एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गर्नुका साथै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिवद्धता र जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरेको छ । संविधानको धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हक लगायत मौलिक हकमा उल्लेखित प्रावधानहरुले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गरेका छन् । सदियौंदेखि सामाजिक रुपमा वञ्चितिकरणमा रहेका वर्ग समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुक्त कमैया, एकल महिला, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग र लैङ्गिक तथा यौनिक अल्पसंख्यक वा पिछिडिएका क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य समुदाय) बीचको विविधतामा एकता र सद्भाव कायम गर्ने, सबै प्रकारका विभेदको अन्त्य गर्ने, आर्थिक विकास तथा सामाजिक न्याय सुनिश्चित गर्ने र समावेशी तथा सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संबिधान २०७२ ले गरेको छ । संविधानको धारा ३८ ले महिलालाई बंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पति तथा पारिवारिक मामिला सम्बन्धि अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

ऐतिहासिक संविधानसभाद्वारा जारी नेपालको संविधान २०७२ को धारा १८ को समानताको हकमा सबै नागरिकहरु तथा समाजिक र सास्कृतिक रुपले पछाडी परेका समुदाय समेतको संरक्षण, शसक्तिकरण वा विकासको लागी राज्यले कानुन बनाई विशेष व्यवस्था गर्नसक्ने उल्लेख छ । सामाजिक न्यायको हकले राज्यको हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजकि न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ । मूलतः मानव अधिकार, महिला, जेष्ठ नागरिक, बालबालिका, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति र जातीय विभेदमा परेका व्यक्ति तथा

समुदायका अधिकारहरुसँग सम्वन्धित बिभिन्न सन्धि सम्झौताको नेपाल पक्ष भएको, उक्त सन्धि सम्झौतामा उल्लेख भएका अधिकार र सर्वोच्च अदालतले दिएका आदेश कार्यान्वयन गर्न सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१ तर्जुमा गरेर कार्यान्वयनमा ल्याएको छ । संघीय सरकारले मात्रै नभई प्रदेश र स्थानीय सरकारबाट पनि लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन गर्न समय सापेक्ष प्रयासहरु भइरहेका छन । सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशभित्र लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्न सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१ कार्यान्वयनमा ल्याएको छ । यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि/निर्देशिका २०८० जारी गरेर कार्यान्वयन भइरहेको छ । प्रदेशमा अपाङ्गता प्रादेशिक निर्देशन समिति गठन कार्यविधि, २०७६ जारी भई कार्यान्वयनमा रहेको छ । महिला सशक्तिकरण र दलित सशक्तिकरण सम्बन्धी कार्यविधि स्वीकृत भई सोही कार्यविधिअनुसार बार्षिक रुपमा विभिन्न कार्यक्रमहरु कार्यान्वयन हुँदै आएका छन् ।

“सानै छु म, बढ्न देउ, बाल विवाह होइन, पढ्न देउ” अभियान, रुपान्तरण कक्षा कार्यक्रम, अल्पकालिन सेवा केन्द्र सञ्चालन, एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन, लक्षित वर्ग तथा समुदायको लागि छात्रवृत्ति कार्यक्रम लगायत सामाजिक र आर्थिक रुपले विपन्न लक्षित वर्गका लागि विविध कार्यक्रमहरु सञ्चालन गरिएको छ । छाउपडी प्रथाजन्य कुरीति उन्मूलन नीति, २०७६ र दलित सशक्तिकरण ऐन, २०७८, प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७, स्थानिय तह बालबालिका सम्बन्धी ऐन २०७७ पारित भई प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको छ । हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार, कानुनी उपचार र मनोसामाजिक परामर्शका लागि जिल्लास्तरमा ‘सुरक्षित आवास गृह’ सञ्चालन गरिएको छ । सुदूरपश्चिम प्रदेश सरकारले वादी समुदायको आर्थिक र सामाजिक विकासका लागि विशेष छात्रवृत्ति वितरण कार्यविधि बनाई शिक्षा तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । छुट्टै महाशाखा र एकाइहरू गठन गरेर महिला हक, सशक्तिकरण र सामाजिक सुरक्षाका कार्यक्रमहरू निरन्तर लागू गरिएका छन् । प्रदेश सरकारले हरेक वर्ष ल्याउने बजेटमा लैङ्गिक उत्तरदायी बजेटको सिद्धान्तलाई आत्मसात गरी महिला तथा पिछडिएका वर्गको विकासमा बजेट विनियोजन गर्ने गरेको छ । प्रदेशका नीति तथा कार्यक्रमहरूमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका मुद्दाहरूलाई औपचारिक रूपमै समावेश गरेर उनीहरूको पहिचान र अधिकारको वकालत गरिएको छ । सुदूरपश्चिम प्रदेश सरकारले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा स्थानीय तहको क्षमता अभिवृद्धी गर्न बिभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा ऐनको

दफा ११ को स्थानीय तहको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । सोही दफाको उपदफा (३) स्थानीय तहले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ । वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिँदै लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दीगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जवन यापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोही पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित

समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारी मार्फत सम्भव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो । जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ, यो क्रसकटिङ सवाल हो ।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक ( घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शीर्षकका रुपमा राखिएको छ । संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको देखिन्छ । संविधान प्रदत हक अधिकारहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताको आधारमा राज्य संरचनाको सबै अङ्गहरुमा महिला, दलित, आदिवासि, जनजाति, मधेशी, मुश्लिम, पिछडिएको वर्ग र क्षेत्र सबैलाई राज्यको संविधान, ऐन, नियम, नीतिलाई कार्यान्वयन गर्न राज्यको तीन वटै तहका सरकार र मातहतका निकायहरुमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण प्रकृयालाई तीब्रता प्रदान गर्न आवश्यक छ । समानुपातिक विकासबाट नै समग्र समाजको विकास हुन पुग्ने समाजशास्त्रीहरुले दाबी गर्दै आएका छन् । समानुपातिक विकास आजको आवश्यकता हो । समुन्नत परिवार र समग्र समाजको विकासमा महिला र पुरुषको समान दायित्व र योगदान हुन आवश्यक छ । समुन्नत समाजको विकासमा महिला र पुरुष दुवै वर्गको समान महत्व हुंदाहुंदै पनि राष्ट्रको समग्र स्थितिमा समानता देखिदैन । आधा भन्दा बढी जनसंख्या ओगटेको महिलाहरुको विकासमा राज्यले विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धतालाई समयमा पुरा गर्न राष्ट्रका सम्पुर्ण अंगले विशेष जोड दिनुपर्ने देखिन्छ ।

नेपालको सन्दर्भमा सामाजिक बन्चितीकरणले सामाजिक विकासक्रमसंगै बर्षौदेखि जातजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरुको अवस्थालाई चित्रण गर्दछ । राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता अनुरुप राज्यका तिनै तहको सरकार र मातहतका निकायहरुमा लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण, आन्तरिकीकरण र संस्थागत गर्न आवश्यक देखिएको छ । तसर्थ सार्वजनिक निकायहरुले लिएको नीति र बार्षिक रुपमा सम्पादन गरेका

कार्यक्रम तथा योजनाहरुको आधारमा सार्वजनिक निकायहरुले हरेक बर्षमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न अपरिहार्य छ । अजयमेरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भद्रपुर, डडेल्धुराको आर्थिक बर्ष २०८२/०८३ को लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यमा सहजीकरण कार्यका लागि आवाज मिडिया कन्सलटेन्सी अमरगढी-५ डडेल्धुराका तर्फबाट यो कार्यक्रम प्रस्तावना स्वीकृत भई प्रचलित मार्गनिर्देशिका र कार्यविधिका आधारमा परिक्षण कार्य सम्पन्न भई यो प्रतिवेदन तयार गरिएको छ ।

तीन वटै तहका सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानुनी दस्तावेजहरुमा लैङ्गिंक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका मुद्दालाई सम्बोधनगर्दै राष्ट्रिय प्राथमिकताको साथ विगतमा विभिन्न कार्यहरुगर्दै आईरहेको भए पनि विशेषतः सुदुरपश्चिम प्रदेशका महिला तथा बंञ्चितमा परेका वर्ग तथा समुदायहरुको जीवन शैली र जीवनस्तरमा आशातित परिर्वतन आउन सकेको देखिदैन । विकासका हरेक गतिविधीहरुमा तुलनात्मक रुपमा पछि परेको सुदुरपश्चिममा लैंगिक तथा समाजिक विभिदजन्य ब्यबस्थाहरु कायम रहेको पाईन्छ । अझै पनि घरपरिवार तथा सामाजिक संरचनाहरुमा सामाजिक विभेद कायम नै रहेको पाईन्छ । समाजको अभिन्न अंगको रुपमा रहेका महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत, पछाडी पारिएका व्यक्ति तथा समुदायहरुको शसक्तिकरण र उत्थानबाट मात्र समतामुलक सामाजिक विकास सम्भव छ । समाजमा भएका सबै लिंग, बर्ग र उमेर समुहको समानुपातिक सन्तुलन, न्यायसंगत प्रगती र विकासका हरेक क्षेत्रमा अर्थपूर्ण सहभागीता हुन सकेमा मात्र देशको दिगो शान्ति र उन्नती सम्भव हुन्छ । तसर्थ स्थानीय ऐन, कानून, राणनिति तथा कार्यविधि र विकासका योजनाहरुमा लैङ्गिंक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई मुल प्रवाहीकरण गरि कार्यान्वयन गरेमा मात्र यस्ता विभेदजन्य व्यवहारमा सुधार ल्याउन सकिन्छ ।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको सवाल नेपाल लगायत विश्वका धेरै देशहरुमा रहेको छ । महिला र पुरुषबीचमा रहेको सामाजिक जिम्मेवारी र विभेद र बिभिन्न जात, धर्म, वर्ग, वर्ण, भुगोल तथा अन्य आधारहरुमा भएको विभेद र बहिष्करणहरुलाई निर्मुलीकरण गर्नका लागि विश्वव्यापी रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अभियान बिगतबाटै निरन्तर सञ्चालनमा रहेको छ । नेपालमा पनि सामाजिक मुल्य मान्यताको कारण महिला तथा बिभिन्न जातजाति, समुदाय र फरक क्षमता तथा विशेषताको आधारमा भएका बिभेदहरु आजसम्म पनि बिद्यमान रहेको छ । समाजमा पुरुष र महिलाको समानता कायम गर्न चुनौति रहेको छ । दलित, आदिवासी जनजाति, लोपोन्मुख, बालबालिका, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरीक जस्ता वर्गहरुमा नेपाल सरकारवाट उपलब्ध हुने श्रोत, साधान र सेवा समान रुपमा बितरण गर्ने कार्यमा अपेक्षाकृत प्रगति हुन सकेको छैन । यही समानता र

समावेशिताको सवाललाई सम्बोधन गर्न नेपाल सरकारले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षणको अवधारणा ल्याएको हो ।

## १.२) **अजयमेरु गाउँपालिकाको परिचय**

बि.सं. २०६२/६३ सालमा सम्पन्न जनआन्दोलन पश्चात मुलुक एकात्मक शासन प्रणालीवाट संघीयतामा गई गठन भएका देशभरका ७५३ स्थानीय तहहरूमध्ये अजयमेरु गाउँपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत डडेल्धुरा जिल्लामा पर्दछ । यो गाउँपालिका साविकका समैजी, अजयमेरु, भद्रपुर, चिपुर र देवल दिव्यपुर गाविसहरू मिलेर बनेको हो । अजयमेरु गाउँपालिका डडेल्धुरा जिल्लाको उत्तर-पश्चिम दिशामा अवस्थित छ । यसको कुल क्षेत्रफल १४८.०९ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा अमरगढी नगरपालिका, पश्चिममा वैतडीको मेलौली नगरपालिका, उत्तरमा बैतडीको पाटन नगरपालिका र दक्षिणमा डडेल्धुराको भागेश्वर गाउँपालिका रहेका छन । अजयमेरु गाउँपालिकाको नामाकरण प्रसिद्ध ऐतिहासिकस्थल अजयमेरु कोटको नामबाट गरिएको छ । अजयमेरु  गाउँपालिका विकासका थुप्रै आयामहरुमा तुलनात्मक रुपमा पछि परेको छ । विद्यमान जातीय, वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका असमानताहरुको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि, समाजिक न्याय शुनिश्चित गर्न, समानुपातिक समावेशी र सहभागितामूलक शिद्धान्तका आधारमा समतामूलक समाजको निमार्ण गर्ने सङ्कपलाई साकार पार्नको लागि अजयमेरु गाउँपालिकाको संरचना, नीति निर्माण, बजेट तथा योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण मैत्री बनाउन लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यलाई निरन्तरता दिँदै आएको अजयमेरु गाउँपालिकाले परीक्षणका नतिजाहरुलाई आत्मसातगर्दै सुधार ल्याउन विशेष पहल गर्दै आएको छ ।

नेपालको संबिधान २०७२, मानव अधिकार सम्बन्धि घोषणापत्र, महिला अधिकार सम्बन्धी घोषणापत्र¸ बालअधिकार र आदिवासी जनजाति सम्बन्धि अर्न्तराष्ट्रिय घोषणापत्रहरु र यी क्षेत्रहरुमा कार्य गर्नको लागि गरिएका बिभिन्न महासन्धीहरु र नेपालका सम्बन्धित ऐन¸ नियम र अन्य कानूनी ब्यवस्थाहरुलाई आधारको रुपमा लिई ति प्रावधानहरुलाई स्थानीय सरकारहरुमा कार्यान्वयनको अवस्थाको मापन गने अभिप्रायले नेपाल सरकार¸ संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको लागि लैंगिक समानता तथा सामालजक समावेशीकरण परीक्षण कार्यबिधि २०७७ तयार गरी स्थानीय तहहरुमा पारित गरेर कायन्वियनको लागि निर्देशन गरेको थियो । यसैगरी सुदूरपश्चिम प्रदेश सरकारले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यविधि २०८० ल्याएर स्थानीय तहको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षणमा सहयोगी दस्तावेजका रुपमा उपयोग गर्न निर्देशन गरेको छ । उल्लेखित कार्यविधि र मार्गनिर्देशनहरुको

आधारमा डडेल्धुरा  जिल्लाको अजयमेरु गाँउपालिकाको आर्थिक बर्ष २०८२/०८३ को लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरिएको हो । हरेक सार्वजनिक निकायहरुले बार्षिक रुपमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको नीतिगत व्यवस्था, कार्यान्वयन र अभ्यासको परिक्षण हुनु आवश्यक छ । समावेशी दृष्टिकोणबाट सुशासनमा योगदान पुऱ्याउने कुनै पनि गतिविधि कर्तव्य र निष्ठाको संस्कृतिबाट सुरु हुन्छ । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण राज्यद्वारा प्रतिवद्धता जनाई स्वीकृत गरिएको एउटा यस्तै महत्वर्पूण प्रक्रिया हो ।

अजयमेरु गाउँपालिका डडेल्धुराले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई उच्च प्राथमिकता दिएर सम्बोधन गर्ने नीति अवलम्वन गरिरहेको छ । लैगिंक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सवालहरुको सम्बोधन गर्न अजयमेरु गाउँपालिकाले बिभिन्न योजना तर्जुमा गरेर प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेकोले पछिल्ला बर्षहरुमा लैगिंक समानता, अपांगता भएका ब्यक्तिहरुको अधिकार तथा सामाजिक समावेशीकरणमा थुप्रै परिवर्तनहरु देखा पर्न थालेका छन । अजयमेरु गाउँपालिका लैङ्गिंक समानता र सामाजिक समावेशीकरण (GEDSI) मैत्री बातावरण निर्माण गर्न र सम्बन्धित सबै निकायहरु अन्तर्गत प्रवर्द्धन गर्न प्रतिवद्ध रहेको छ । अजयमेरु गाउँपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण रणनीति २०७९ तर्जुमा गरेर प्रभावकारी रुपमा कार्यान्वयन गरिरहेको छ । बिभिन्न प्रयत्न गरेर लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको अबस्थामा सुधार ल्याउने प्रयासहरु निरन्तर रुपमा भइरहेका छन । अजयमेरु गाउँपालिकाले लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य निरन्तर रुपमा गरिरहेको र परीक्षणले औंल्याएका क्षेत्रमा सुधार ल्याउन प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिएको छ । गाउँपालिकाले वस्तीस्तरबाट योजनाहरुको छनौट देखि प्राथमिकिकरण हरेक चरणहरुमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण अन्तरगत कार्यान्वयन गरिनु पर्ने क्रियाकलापहरुमा थप प्रभावकारिता ल्याउन लैसअसास परिक्षणलाई महत्वपुर्ण औजारका रुपमा लिएको छ ।

### १.३) **लैसअसास** (GEDSI) **परिक्षणको औचित्य र महत्व**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) कुनै पनि सरकारी, गैरसरकारी वा निजी निकायका नीति, कार्यक्रम, बजेट र सांगठनिक संरचना लैङ्गिक तथा सामाजिक रूपमा कत्तिको न्यायपूर्ण र समतामूलक छन् भनी गरिने एउटा वस्तुनिष्ठ समीक्षा वा लेखाजोखा हो । संक्षेपमा भन्नुपर्दा, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण केवल एउटा प्रशासनिक प्रक्रिया मात्र नभएर समाजको जगैदेखि असमानता हटाई ‘कोही पनि नछुटुन’ (Leave No One Behind) भन्ने मान्यतालाई

व्यवहारमा उतार्ने एक सशक्त औजार हो । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले सम्बन्धित सार्वजनिक निकायको वास्तविक प्रगतिको ऐना देखाउने हुँदा यसले भविष्यका रणनीतिहरू सुधार गर्न अकाट्य प्रमाण र मार्गनिर्देशन प्रदान गर्छ । नेपालको संविधान २०७२ ले आफ्नो प्रस्तावनामा जात, बर्ग, लिङ्ग, उत्पति, भाषा, धर्म, संस्कृति, जातीयता, अपांगता, आर्थिक अवस्थाको आधारमा, भौगोलिक क्षेत्र वा अल्पसंख्यकको आधारमा कुनै पनि व्यक्ति माथि हुने सबै प्रकारका भेदभाव, उत्पिडन र अन्यायको अन्त्य गर्ने उल्लेख गरेको छ । संविधानले संघीय नेपालमा समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा नेपाली जनताको समान, सामाजिक न्याय, समावेशी र सहभागिताको सुनिश्चितता र प्रत्याभुती गरेको छ । नेपालमा संघीयताको अवधारणा एकदमै नौलो अभ्यास भए पनि निजामति सेवा ऐन (१९९३) को दोश्रो संसोधन (२००७) देखि सबै सरकारी निकायमा समावेशी र सहभागीता सुनिश्चित भईसकेको छ ।

समानता, समावेशी, सहभागिता, सामाजिक न्याय र सबैको मानव अधिकारको सम्मान विशेषगरी महिला, सिमान्तकृत, अपांगता भएका र अल्पसंख्यकहरुका सम्बन्धमा अझै पनि विभिन्न खाले समस्याहरु विद्यमान छन् । राज्यले अवलम्वन गरेका नीतिहरुको प्रभावकारी कार्यान्वयनका अभावका कारण पनि यस्ता समस्याहरु सम्बोधन हुन सकेका छैनन् । नेपालको कुल जनसंख्याको ५१.५ प्रतिसत महिलाले ओगटेको छ, तर देशको यो ठुलो जनसंख्यामाथि लैङ्गिक भेदभाव भईरहेको छ । महिला र वाललालिका नेपालका अन्य सामाजिक बहिष्कृत समुहमाथि व्याप्त भेदभावले उनीहरुलाई आफ्नो अधिकार पूर्ण रुपमा उपभोग गर्न सिमित गरेको छ । महिला, वालवालिका र बहिष्कृत समुहका मानिसहरुको बहिष्कार र बञ्चितताले सिमान्तकृत समुदायका नागरिकहरुको स्वास्थ्य, शिक्षा, आर्थिक सम्बृद्धि, निर्णय गर्ने शक्ति र अन्य श्रोतमा पहुँच जस्ता विभिन्न सेवाहरुमा पूर्ण पहुँचबाट बंञ्चित गर्दछ । सरकारले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने नीति लिएको छ । बिभिन्न प्रयत्न गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अबस्थामा सुधार ल्याउने प्रयासहरु निरन्तर रुपमा भइरहेका छन । विविध प्रयासका बाबजुद लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था सन्तोषजनक भने छैन ।

सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला डडेल्धुरा विकासका थुप्रै आयामहरुमा तुलनात्मक रुपमा पछि परेको छ । विद्यमान जातीय, वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका असमानताहरुको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि, समाजिक न्याय शुनिश्चित गर्न, समानुपातिक समावेशी र सहभागितामूलक शिद्धान्तका आधारमा समतामूलक समाजको निमार्ण गर्ने सङ्कपलाई साकार पार्नको लागि अजयमेरु गाउँपालिका, डडेल्धुराले संरचना, नीति निर्माण, बजेट तथा योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरण मैत्री बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको विशेष

महत्व छ । विश्व परिवेशमा व्यक्तिको लैङ्गिक, शारीरिक क्षमता, बासस्थान, सम्पत्ति, शिक्षा, उमेर, जातजाति, वर्ण, यौनिकतामा आधारित सामाजिक पहिचान बमोजिम विद्यमान असन्तुलित शक्ति सम्बन्ध र असमानतालाई ध्यान दिँदै पाथमिकताका आधारमा समुचित सुधार तथा समाधान गर्ने लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षणको लक्ष्य हो । अजयमेरु गाउँपालिकाका निर्धारित लक्ष्य, ध्येय, उदेश्य र कार्यक्रमहरु लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण संवेदनशील भए नभएको लेखाजोखा गर्न परीक्षणले निकै सहयोग गर्छ । अजयमेरु गाउँपालिकाको नीति, कानून, योजना तथा कार्यक्रमहरु, संस्थागत व्यवस्था आदिको आधारमा गरिएको परीक्षणले गाउँपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षलाई प्रष्ट पार्ने हुँदा यसको आधारमा आगामी बर्षको लागि लिईनुपर्ने नीति तथा योजनाको बारेमा पनि चालु आर्थिक वर्षमै पूर्व जानकारी प्राप्त भई समानता र समानुातिक समावेशिताको आगामी वर्षको योजना तर्जुमा गर्नको लागि दिशानिर्देश गर्दछ ।

लैङ्गिक समानता तथा सामाजिक परीक्षणले अजयमेरु गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रमको मात्र लेखाजोखा नगरी गाउँपालिकाको समग्र अबस्थाका बारेमा लेखाजोखा गर्ने भएको हुँदा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको दृष्टिकोणबाट गाउँपालिकाको हालको अवस्थालाई परीक्षणले प्रष्ट पार्दछ । समानताक र समानुपातिक समावेशीकरण प्राप्तिको लागि सुधार गर्नुपर्ने क्षेत्रहरुको बारेमा यकिन गर्न सहयोग गर्दछ । योजना र बजेट तर्जुमा गर्दा लक्षित वर्गको आवश्यकतालाई ध्यानमा राखी समतामूलक ढंगले स्रोत परिचालन गर्न यस परिक्षणले सघाउँछ । योजना निर्णय प्रक्रिया, नीति निर्माण र नेतृत्वदायी तहमा महिला, अपाङ्गता भएका ब्यक्तिहरु र सीमान्तकृत समुदायको संख्यात्मक मात्र नभई अर्थपूर्ण उपस्थिति सुनिश्चित गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण परीक्षणले सघाउछ भने राज्य र संघसंस्थाबाट प्रदान गरिने सेवा-सुविधामा समाजका सबैभन्दा पछाडि पारिएका वर्गको सहज पहुँच र अपनत्व स्थापित गर्न र संस्थागत सुशासन र न्यायः विकासका प्रतिफलहरू सबै नागरिकमा समान रूपमा वितरण भई सामाजिक न्याय, समानता र समावेशी सुशासन प्रवर्द्धन गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षणको महत्वपुर्ण भूमिका रहेको पाइन्छ । नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैसअसास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ ।

तत् सन्दर्भमा अजयमेरु गाउँपालिकाले तर्जुमा गर्ने निति, कार्यक्रम तथा बजेट, बार्षिक योजना तर्जुमा प्रकृया, आयोजना व्यबस्थापन तथा कार्यान्वयन, र अनुगमन तथा मुल्याङ्कन गर्ने क्रममा संघीय, प्रदेश तथा स्थानीय सरकारले अवलम्वन गरेको राष्ट्रिय तथा प्रादेशिक निति बमोजिम तय भएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समाबेशीकरण सम्बन्धि कार्यक्रमहरुको कार्यावन्यन के कस्तो अवस्थामा रहेको छ ? के कस्ता पक्षहरु राम्रा छन् ? के कस्ता पक्षहरु सुधार गर्नु पर्ने हुनसक्छ ? र कस्ता खालको कार्यक्रमहरु तर्जुमा गर्दा लैसअसास सम्बन्धि सवालहरु सम्बोधन गर्न सकिन्छ ? भनेर योजनाबद्व कार्ययोजना बनाएर अघि बढ्न र लैसअसासको हालको अवस्था मुल्याङ्कन तथा पहिचान गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समाबेशीकरण परीक्षण गरेर स्व-लेखाजोखा गरिएको हो । संबिधानले परिकल्पना गरेको घरदैलो नजिकको सरकारका रुपमा रहेका मुलुकका अधिकांस स्थानीय तहमा विविध प्रयासका बाबजुद लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको अवस्था सन्तोषजनक भने छैन । तसर्थ, स्थानीय सरकारहरुले बार्षिक रुपमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरणको नीतिगत व्यवस्था, कार्यान्वयन र अभ्यासको परिक्षण हुनु आवश्यक छ । अजयमेरु गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई उच्च प्राथमिकता दिएर सम्बोधन गर्ने नीति अवलम्वन गरिरहेको छ । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण भनेको राज्यका नीति, संरचना, बजेट र सेवा प्रवाहले महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायलाई कसरी समेटेको छ भनेर मूल्याङ्कन गर्ने प्रक्रिया हो, यसको प्रमुख औचित्य विभेदको अन्त्य गर्दै “कोही पनि पछाडि नछोडिने” सुनिश्चित गर्नु हो । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य औचित्य र महत्वलाई निम्न बुँदामा प्रष्ट्याउन सकिन्छ :

**क) संवैधानिक हकको कार्यान्वयनः**

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक र सामाजिक न्यायको सिद्धान्तअनुसार राज्यका हरेक संयन्त्र समावेशी छन् वा छैनन् भनी यकिन गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण अपरिहार्य छ । परीक्षणले संवैधानिक रुपमा मौलिक हकको रुपमा रहेको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न सघाँउछ ।

**ख) स्रोत साधनको समतामूलक वितरणः**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले बजेट विनियोजन र कार्यक्रम तर्जुमा लक्षित/पिछडिएका वर्गमैत्री छ कि छैन भनेर जाँच्दछ, जसले गर्दा सीमित स्रोतको न्यायोचित वितरण हुन्छ । स्थानीय सरकारले स्रोत साधन र अवशरहरुको समानुपातिक र न्यायोचित वितरण गर्न नसकेमा नागरिकहरुमा निराशा बढ्दै जाने र सरकारप्रतिको

विश्वासमा संकट आउन सक्ने भएकाले सीमित स्रोतको न्यायोचित वितरणमा विशेष ध्यान दिन आवश्यक छ । उपलब्ध स्रोत साधन र अवशरहरुको वितरण प्रणालीलाई प्रभावकारी बनाउन समतामुलक वितरण प्रणालीमा जोड दिनुपर्छ ।

**ग) समान पहुँच र सशक्तीकरणः**

सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको निर्णय प्रक्रियामा सहभागिता र राज्यका सेवा प्रवाहमा सहज पहुँच सुनिश्चित गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले महत्वपूर्ण भूमिका खेल्छ ।

**घ) संस्थागत जवाफदेहिता र सुशासनः**

सरकारी तथा गैरसरकारी सार्वजनिक निकायहरुका नीति र कार्यशैलीलाई लैङ्गिक तथा समावेशीमैत्री बनाएर संस्थाभित्रै सुशासन कायम गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले मद्दत गर्दछ । यससँगै लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई संस्थागत र मुलप्रवाहीकरण गर्न परीक्षणले दिशानिर्देश गर्दछ ।

**ङ) समावेशी लोकतन्त्रको सघनीकरण**

नेपालको संवधिानको मुटु भनेकै समावेशी लोकतन्त्र र समावेशी विकास हो। समावेशी लोकतन्त्र एक राजनीतिक सिद्धान्त हो, जसले लोकतन्त्रको महत्वलाई निर्णय गर्ने माध्यमका रूपमा मात्र नभई राज्यलाई नै व्यवस्थति गर्ने माध्यमका रूपमा पनि जोड दन्छि। यस सिद्धान्तअनुसार साँच्चै  लोकतान्त्रकि राज्यले निर्णय प्रक्रियामा सबै वर्ग, क्षेत्र, लगिं, समुदायका सबै व्यक्तिको समान धारणा छ र सबै व्यक्ती राज्यको राजनीतकि, आर्थिक र सामाजिक क्षेत्रमा सहभागी हुन सक्षम छन् भन्ने सुनश्चिति गर्छ। यसले शक्तिको विकेन्द्रीकरण, सहभागतिामूलक संरचनाको निर्माण र सीमान्तकृत समूहको सशक्तीकरणको वकालत गर्छ। समावेशी विकास आर्थिक वृद्धिको एउटा दृष्टिकोण हो, जसको उद्देश्य सामाजिक, आर्थिक वा सांस्कृतिक पृष्ठभूमि जस्तोसुकै भए पनि सबै वर्ग, क्षेत्र, लिंग, समुदायका व्यक्तिलाई सहभागी हुने र त्यसबाट लाभान्वित हुने अवसर सिर्जना गर्ने लक्ष्य राखेको हुन्छ। समानता प्रवर्द्धन गर्नु, गरिबी घटाउनु र राज्यका सबै नागरिक विशेषगरी सीमान्तकृत वा पछाडि परेका वर्ग, समुदायको कल्याण गर्नु नै समावेशी विकासको लक्ष्य हो। सामाजिक, आर्थिक स्थिति जस्तोसुकै भए पनि समावेशी विकासले सबै व्यक्तिको शिक्षा, स्वास्थ्य सेवा र आधारभूत सेवामा पहुँच प्रवर्द्धन गर्ने नीति र कार्यक्रम सिर्जना गर्ने आवश्यकतालाई जोड दिन्छ। यसले रोजगारीका अवसर सिर्जना गर्ने तथा साना र मझौला उद्यमको विकासलाई समर्थन गर्ने महत्वलाई पनि हाइलाइट गर्छ, जसले स्थानीय समुदायमा रोजगारी सिर्जना गर्न र आर्थिक वृद्धिलाई प्रोत्साहित गर्न मद्दत गर्छ।

## १.४) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका उद्देश्यहरु

### १.४.१) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणको सामान्य उद्देश्य

अजयमेरु गाँउपालिकाले निर्माण गर्ने नीति तथा कार्यक्रमहरुमा लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न सहयोग गर्ने तथा गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलाप तथा विकास निर्माणका योजनाहरुलाई दिगो रुपमा लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउने लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरण परिक्षणको मुख्य उद्देश्य रहेको छ । गाउँपालिकाले अवलम्वन गरेका र बार्षिक रुपमा कार्यान्वयन गरिरहेका नीति तथा कार्यक्रमहरुमा लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न परीक्षणले सघाउने छ ।

### १.४.२) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका बिस्तारित उद्देश्यहरु

- लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरण परिक्षण मार्फत अजयमेरु गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सिमान्तकृत समुहहरुलाई समावेशी गरेर लैङ्गिक समानता र सबै जात जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला र सीमान्तकृत समुहहरुलाई योजनाबद्ध रुपमा क्षमता अभिबद्धिगर्दै अजयमेरु गाउँपालिकाको विकास प्रकृयामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- अजयमेरु गाउँपालिकाका सबै कार्यक्रम, योजना र आयोजना तर्जुमा, कार्यान्वयन तथा उपलब्धिमा लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरण दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र संस्थागत गदै लैजाने ।
- लैङ्गिक समानता, अपाङ्‌गता तथा सामाजिक समावेशीकरण परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्न भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण गर्ने ।
- अजयमेरु गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अन्तरको बारेमा जानकारी प्राप्त गरी त्यस्ता अन्तरहरुको सम्बोधन गर्ने ।
- लैंङ्गिक मैत्री भौतिक संरचना र लैंङ्गिक मैत्री तथा सामाजिक समावेशीकरण कार्यस्थलको निर्माण गर्न गाउँपालिकाका सबै संयन्त्रहरुलाई प्रोत्साहित गर्ने ।

- अजयमेरु गाउँपालिकाका सामाजिक तथा भौतिक संरचना, नीति, कानून, बजेट, योजना, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गरी योजनाबद्ध रुपमा पिछडिएका समुदायको सशक्तिकरण गर्दै उनीहरुको जीवनस्तरमा सुधार ल्याउने ।

- अजयमेरु गाउँपालिकाका नीति, कार्यक्रम, योजना, बजेटलाई लैङ्गिक उत्तरदायी बनाई समग्रमा समानता, समानुपातिक समावेशी र न्यायपूर्ण समाजको निर्माणका लागि प्रतिवद्ध बन्न प्रोत्साहित गर्ने ।

- अजयमेरु गाउँपालिकाका बार्षिक नीति तथा कार्यक्रममा जातीय, वर्गीय, भाषिक, लैङ्गिक, क्षेत्रीय रुपमा पछाडि परेका ब्यक्ति वा समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने वातावरण सिर्जना गर्ने ।

- अजयमेरु गाउँपालिकाको विकास प्रकृयामा महिला तथा सिमान्तकृत वर्गको निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सशक्तिकरण गर्ने ।

- नेपालको संबिधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा भएको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण निर्देशिकाले व्यवस्था गरे बमोजिम स्थानीय तहले अङ्गिकार गरेको नीतिगत व्यवस्था र यसको कार्यान्वयनको अवस्थाको स्व-लेखाजोखा गर्न ।

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्यन्वयनको वर्तमान अवस्थाको बिश्लेषण, स्थानीय तहका असल अभ्यासहरुको बढवा दिन र सुधार गर्नुपर्ने पक्षहरुलाई बिषेश कार्ययोजना बनाएर सम्बोधन गर्न ।

- स्थानीय तहले ल्याएका ऐन, नियम, नियावली, निति तथा कार्यक्रमहरुलाई लैसअसास मैत्री बनाउन मार्गदिर्नेशन तथा सुझावहरु प्राप्त गर्न ।

- स्थानीयस्तरबाटै समानुपातिक, समावेशी र समाजवाद उन्मुख समाजको निर्माण गर्नका लागि स्थानीय तहलाई सवल र सक्षम बनाउनु ।

- पछाडी पारिएका बर्ग, क्षेत्र र समुदायलाई राज्यको मुलधारमा ल्याउन उचित वातावरण सिर्जना गर्न ।

# भाग २ :
# लैसअसास परिक्षण विधि र तौरतरिकाहरु

## २.१) लैसअसास परिक्षणका शैद्धान्तिक मान्यताहरु

अजयमेरु गाउँपालिका डडेल्धुराको आर्थिक बर्ष २०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य देहायमा उल्लेखित शैद्धान्तिक मुल्य मान्यताहरुको आधारमा सम्पन्न गरिएको छ ।

**क) जवाफदेहिताको सिद्धान्त**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणले लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको लागी जवाफदेहिताको परिक्षण गर्दछ भने आगामी दिनमा जवाफदेहिताको लागी मार्गनिर्देशन तथा सुझावहरु प्रस्तुत गर्दछ । कुनै पनि सार्वजनिक निकायले काम कर्तव्य र अधिकारलाई यथोचित रुपमा सम्पादन गरे नगरेको मापन गर्ने महत्वपुर्ण औजारका रुपमा जवाफदेहितालाई लिन सकिन्छ । जवाफदेहिता शुशासनको महत्वपुर्ण औजार पनि हो ।

**ख) उत्तरदायित्वको सिद्धान्त**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणले स्थानीय तहका जनप्रतिनिधी तथा कर्मचारीहरुको उत्तरदायित्वको परिक्षण गर्छ र सुधारका लागी सुझाव प्रस्तुत गर्दछ । उत्तरदायी शासन पद्धतिले सरकारलाई नागरिकप्रति जिम्मेवार र नागरिकलाई सरकारप्रति विश्वसनीय बनाउँछ । उत्तरदायित्व शुशासनको महत्वपुर्ण औजार पनि हो ।

**ग) समताको सिद्धान्त**

स्थानीय तहका नीति, कार्यक्रम तथा योजनाहरुले महिला, पुरुष मा फरक फरक प्रभाव पार्दछ भने भौगोलिक, क्षेत्रगत र समुदायगत हिसावले उनिहरुको ग्रहण गर्ने क्षमतामा फरक पर्दछ भन्ने मान्यताको आधारमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गरेर सुझाव प्रस्तुत गर्दछ ।

**घ) समावेशिकरणको सिद्धान्त**

विकास योजना तथा व्यवस्थापकिय संरचनाहरुमा महिला तथा पुरुषहरुको समान पहुँच, समाजमा रहेका जातजाती, लिंङ्ग, बर्ग, उमेर समुहको न्यायोचित सहभागीको लागी लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणले विद्यमान अबस्था अध्ययन तथा अगामी योजनाका लागि आवश्यक सुझाव प्रस्तुत गर्दछ । समाजको समावेशीकरण आजको

आवश्यकता हो । समावेशीकरणले सबै नागरिकहरुलाई राज्यप्रदत सेवा र अवसरहरुमा समानुपातिक र न्यायोचित हक प्रदान गर्दछ ।

**ङ) सम विकासको सिद्धान्त**

महिला र पुरुष विच तथा समाजमा रहेका विभिन्न जातजाति, पिछडिएको बर्ग, उमेर र फरक शारिरिक क्षमता भएका व्यक्तिहरुलाई आर्थिक, सामाजिक, राजनैतिक तथा मानसिक विकासका लागी समान अवसर तथा सामाजिक संरचनाहरुमा समान सहभागीताको प्रत्याभुतीका लागी लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणले प्रत्याभुती गर्दछ ।

उल्लेखित सिद्धान्तहरुका आधारमा पश्चेश्वर गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण कार्य सहभागितात्मक किसिमले सम्पन्न गरिएको छ । प्रचलित कार्यविधि र निर्देशिकाका आधारमा परीक्षण कार्य सम्पन्न गरिएको छ ।

२.२) **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणले समेट्ने क्षेत्रहरु**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा स्थानीय तहबाट उपलब्ध विभिन्न दस्तावेजहरुको अध्ययन गरिएको थियो । गाउँपालिकाको नीति तथा कार्यक्रम, बार्षिक योजना तथा विभिन्न क्षेत्रगत कार्यक्रमहरुले लैसअसास क्षेत्रलाई कतिसम्म सम्बोधन गरेको छ भनेर अध्ययन गरिएको थियो । कार्यदलमा छलफल अन्तरक्रिया गरेर बिभिन्न विषयबस्तुहरुको अध्ययन, अवलोकन र परीक्षण गरिएको थियो । लैङ्गिक समताको सिद्धान्त, समविकासको सिद्धान्त, समावेशीकरणको सिद्धान्त तथा लैङ्गिक उत्तरदायित्वको सिद्धान्तलाई गाउँपालिकाको नीति तथा कार्यक्रमबाट आत्मसात गरिएको वा गरिनु पर्ने विषयहरुको अध्ययनको क्रममा खोजी भएको थियो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यबिधि २०७८, सुदूरपश्चिम प्रदेश सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यबिधि २०८०, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यबिधि २०८० ले तोकेका क्षेत्रहरुमा नीति, कानून, योजना, संस्थागत व्यवस्थापन, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व मूल विषय क्षेत्र र यी क्षेत्र भित्र पर्ने उपक्षेत्रहरु नीति कानूनमा समावेशिता, योजना तर्जुमा तथा कार्यान्वयन, वजेट तर्जुमा तथा कार्यान्वयन, कर्मचारी पदाधिकारी प्रतिनिधित्व, कार्यप्रणाली समावेशी, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व, कार्य प्रणालीमा समावेशीकरण, वित्त व्यवस्थापन प्रणालीमा समावेशिता, तथ्यांक सक्तलन तथा व्यवस्थापन, मानव संसाधन तथा क्षमता विकास, अनौपचारिक मूल्य, मान्यता, र कुसंस्कार विरुद्ध जनचेतना, कानुनी साक्षरता, विपद् व्यवस्थापनमा समावेशिता, पूर्वाधार विकास, प्रजनन् स्वास्थ्य, शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाई, स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन, सुशासन, उत्तरदायित्व र जवाफदेहिता, सूचना तथा सञ्चार,

अनुगमन तथा मूल्यांकन र समन्वय तथा सम्वन्ध विस्तार जस्ता उपक्षेत्रहरु गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका अध्ययन क्षेत्रहरु रहेका छन् । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका मुख्य क्षेत्र तथा मुख्य सुचकहरुलाई तपसिलअनुसार तालिकामा देखाइएको छ :

**तपसिल**

| **मुख्य क्षेत्र** | **मुख्य सुचकहरु** |
|---|---|
| नीति तथा कानून योजना | • नीति तथा कानूनहरुमा समावेशी/ सहभागीता ।<br>• योजना र कार्यान्वयन ।<br>• बजेट निर्माण । |
| संस्थागत व्यवस्था | • कर्मचारी अधिकारी प्रतिनिधित्व ।<br>• प्रकृयाहरु समावेशी ।<br>• समिति, उपसमिति तथा कार्यदलहरुमा प्रतिनिधित्व ।<br>• वित्तिय व्यवस्थापन प्रणालीमा समावेशीकरण ।<br>• खण्डिकृत तथ्यांक संकलन र व्यवस्थापन |
| मानव संसाधन र क्षमता विकास | • मानव संसाधन र क्षमता विकास ।<br>• अनौपचारिक मुल्यमान्यता, विश्वास र अन्धविश्वास विरुद्ध चेतना ।<br>• कानूनी साक्षरता ।<br>• विपद व्यवस्थापनमा समावेश । |
| सेवा प्रवाह | • पूर्वाधार विकास ।<br>• प्रजनन स्वास्थ्य ।<br>• शिक्षा कार्यक्रम ।<br>• खानेपानी र सरसफाई ।<br>• स्वरोजगार, आय र वजार व्यवस्थापन । |

| | |
|---|---|
| शुसासन र जवाफदेहिता | • शुसासन ।<br>• जवाफदेहिता र उत्तरदायित्व ।<br>• सुचना र संञ्चार ।<br>• अनुगमन र मुल्यांकन ।<br>• समन्वय र सम्बन्ध विस्तार । |

२.३) **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण विधि र औजारहरु**

**क) परिक्षणका क्रममा अवलम्बन गरिएका प्रमुख विधीहरु**

- सन्दर्भ सामाग्री संकलन, पुनरावलोकन तथा दस्तावेजहरुको समिक्षा ।
- स्थलगत अवलोकन
- सरोकारवालाहरुसँग छलफल अन्तरक्रिया
- समुह कार्य तथा प्रस्तुतीकरण
- सहभागितात्मक मुल्यांकन
- संरचित प्रश्नावली
- केन्द्रित समूह छलफल (FGD)
- प्रमुख सूचना दातासँग अन्तर्वार्ता (KII)

**ख) परिक्षणका क्रममा उपयोग गरिएका प्रमुख औजारहरु**

- मुल्यांकनका सुचकहरु ।
- माकुरी जालो ।
- ड्यास बोर्ड प्रस्तुती ।
- तथ्यांक संकलन तथा विश्लेषण ।
- सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण तथा लेखाजोखा ।
- सहभागिात्मक कार्ययोजना तर्जुमा र कार्यान्वयनका लागि सार्वजनिक प्रतिवद्धता ।
- सामुहिक लेखाजोखा र प्रस्तुती ।
- सिकाई तथा अनुभव आदान प्रदान ।

२.४) **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण प्रक्रिया**

अजयमेरु गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/०८३ को लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य मुख्य तीनवटा चरणवद्ध प्रकृया पुरा गरेर विधिपुर्वक सम्पन्न भएको छ । लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिको आधारमा कार्यालयले गठन गरेको कार्यदलको सहभातिामा परिक्षण गरिएको छ ।

लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य विशेषत: निम्न चरण र प्रकृया पुरा गरेर कार्य सम्पादन गरिएको छ ।

१) **तयारी चरण**

२) **कार्यान्वयन चरण**

३) **प्रतिवेदन चरण**

**क) तयारी चरण :**

तयारी चरणका क्रममा परामर्शदाता (सहजकर्ता) हरु र गाउँपालिकाका जनप्रतिनिधि तथा जिम्मेवार कर्मचारीहरुले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेर कार्यविधिअनुरुप कार्यदल गठन गर्नुका साथै बिभिन्न चरणमा बैठक बसी परीक्षण गर्ने मिति, समय, स्थान र सहभागीहरु तोकि सम्बन्धित शाखा र जिम्मेवार पदाधिकारीलाई पूर्व जानकारी गराइएको थियो । त्यसैगरी लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको लागि आवश्यक सामाग्रीहरुको ब्यवस्थापन गरेर विधिपुर्वक लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरिएको छ ।

२) **कार्यान्वयन चरण**

गाउँपालिकाका जनप्रतिनिधीहरु, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु, कार्यदलका संयोजक तथा सदस्यहरु, हार्दिक मिडिया एजेन्सी डडेल्धुराका सहजकर्ताहरुको उपस्थितिमा कार्यशाला गोष्ठीको आयोजना गरेर लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरिएको छ । कार्यदलद्वारा पाँचवटा क्षेत्रको मूल्याङ्कन सूचकहरुको आधारमा अजयमेरु गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको लेखाजोखा गरिएको थियो । सूचकहरुलाई ०, ०.५ र १ अङ्कभार दिई प्राप्त अङ्कभारलाई माकुरी जालोमा राखेर लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) को अवस्थालाई प्रष्ट पारेका थिए । अङ्कभारको आधारमा लैङ्गिक समानाता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका सबल पक्ष, सुधार गनुपर्ने पक्ष, अवशर तथा चुनौतीहरुको विश्लेषण गरिएको छ । अन्तमा लैङ्गिक समानता, अपाङ्गता तथा समाजिक समावेशीकरणको दृष्टिकोणबाट सुधार गर्नुपर्ने सूचकलाई आधार मानेर अगामी आर्थिक बर्षको बार्षिक कार्ययोजना तयार गरी कार्यालयको बार्षिक नीति तथा कार्यक्रममा उक्त कार्ययोजनालाई समावेश गर्ने र आगामी वर्षमा कमजोर देखिएका सूचकहरुमा सुधार ल्याउने प्रतिवद्धता ब्यक्त गरिएको छ ।

३) **प्रतिवेदन चरण**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक परीक्षण कार्यविधिमा उल्लेख गरिएको प्रतिवेदनको ढांचामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदनमा रहेको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्ययोजनालाई कार्यदलको पहलमा अगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा अनिवार्य रुपमा समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गरिएको छ ।

**२.५) अजयमेरु गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणमा सहभागीहरुको विवरण**

| क.सं. | सहभागीको नाम थर | पद/जिम्मेवारी | लिंग | जातजाति |
|---|---|---|---|---|
| १ | उमेशप्रसाद भट्ट 'विकास' | गाउँपालिका अध्यक्ष | पुरुष | ब्राम्हण |
| २ | बसन्ती पाल | गाउँपालिका उपाध्यक्ष | महिला | क्षेत्री |
| ३ | हर्षबहादुर रोका | प्रमुख प्रशासकीय अधिकृत | पुरुष | दलित |
| ४ | लोकेश बोहरा | प्रशासन शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ५ | लालबहादुर सेटी | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ६ | गणेश पाल | स्वास्थ्य शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ७ | भक्तराज भट्ट | सूचना तथा सञ्चार प्रविधि अधिकृत | पुरुष | ब्राम्हण |
| ८ | ई. टेकवबहादुर विष्ट | भौतिक पुर्वाधार शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ९ | शेमराज भट्ट | आर्थिक प्रशासन शाखा प्रमुख | पुरुष | ब्राम्हण |
| १० | यज्ञराज पन्त | जिन्शी शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ११ | चन्द्रकान्त चटौत | पशु सेवा शाखा प्रमुख | पुरुष | ब्राम्हण |
| १२ | सन्तोष साँउद | कृषि विकास शाखा प्रमुख | पुरुष | क्षेत्री |
| १३ | दिनेश ऐडी | राजगार संयोजक | पुरुष | क्षेत्री |
| १४ | आँचल भट्ट | जनस्वास्थ्य निरिक्षक | महिला | ब्राम्हण |
| १५ | भुवनेश्वरी जोशी | महिला बालबालिका शाखा प्रमुख | महिला | ब्राम्हण |
| १६ | पदमा गुरुङ | सहजकर्ता | महिला | जनजाती |
| १७ | रामबहादुर धामी | सहजकर्ता | पुरुष | क्षेत्री |

**२.६) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका उपलब्धिहरु**

अजयमेरु गाउँपालिकाले चालु आर्थिक बर्ष २०८२/०८३ मा दोस्रो पटक लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरेको छ । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गरिसकेपछि गाउँपालिका मार्फत सञ्चालन भइरहेका विभिन्न क्रियाकलापहरुमा लैंगिक संवेदनशीलताको अभ्यासको अध्ययन तथा पृष्ठपोषण प्राप्त भएको छ । गाउँपालिकाले अवलम्वन गरेको लैसअसास नीति तथा कार्यक्रमहरुको अन्तराल विश्लेषण गरि नयाँ कार्यक्रमहरु सहितको कार्य योजना तयार गरिएको थियो । आगामी दिनमा गाउँपालिकालाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री वनाई थप सशक्तिकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न परिक्षणले मार्ग प्रशस्त गरेको छ । निर्णय प्रक्रियामा महिला, अपाङ्गता भएका ब्यक्तिहरु, दलित, जनजाती र सिमान्तकृत समुदायको सहभागिता बढाउन विभिन्न योजना अन्तरगतका उपभोक्ता समितिमा प्रतिनिधित्व बढाउने र अर्थपूर्ण सहभागिता निकै सवल पक्षका रुपमा देखिएको छ । जातीय विभेद र छुवाछुत, छाउपडी कुप्रथा, लैगिंक सम विकास तथा नेतृत्व विकास, सामाजिक परिचालन, सिप विकास लगायतका विषयमा बिभिन्न क्षमता विकास सम्बन्धि कार्यक्रमहरु कार्यान्वयन गरेको पाइयो । बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको ब्यवस्था एकीकृत रुपमा गरिएको छ । महिला अधिकार स्थापना र महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, जातिय विभेद विरुद्धका अभियान, बाल विकाह विरुद्धका अभियानहरु प्रभावकारी रुपमा संचालन गरिएको छ । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशाला गोष्ठीका क्रममा सूचकको आधारमा गाउँपालिकाको वस्तुस्थिति लेखाजोखा गरे पश्चात लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा पाईएको प्रमुख उपलब्धीहरु बुँदागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | मुख्य विषय क्षेत्र | प्रमुख उपलब्धिहरु |
|---|---|---|
| १ | नीति, कानून, योजना | चालु आर्थिक बर्ष २०८२/०८३ मा नीति, कानून र योजनाको क्षेत्रमा थुप्रै क्रियाकलाप सम्पन्न भएका छन । केहि सुधार गर्नुपर्ने क्षेत्र पनि छन् । गाउँपालिका नीति, कानून र योजनाबारेमा सिमान्तकृत, महिला, अवसरबाट बञ्जित र पछाडी पारिएका लक्षित वर्गलाई अभिमूखिकरण गराई जानकारी गराउने पर्ने भन्ने विषयलाई सहभागीहरुले आन्तरिकीकरण गरी आगामि दिनमा बन्ने कानूनी दस्तावेजहरुलाई सोहि अनुरुप गर्ने गराउनेमा प्रतिबद्धता ब्यक्त गरिएको छ । |
| २ | संस्थागत ब्यवस्था | अजयमेरु गाउँपालिकाको भौतिक संरचना र सामाजिक |

| | | |
|---|---|---|
| | | संस्थागतको अवस्थालाई विश्लेषण गर्दा जनप्रतिनिधि तथा कर्मचारीहरु गाउँ कार्यपालिको कार्यालयलाई विशेषतः भौतिक रुपमा लैसअसास मैत्री बनाउन कटिबद्ध देखिएका छन । कार्यालयमा लैसअसास डेस्क/ईकाइको स्थापना गरिएको छ । श्रेणीविहिन र करारमा कर्मचारी पदपूर्ति गर्दा महिला, सिमान्तकृत समुदाय र लक्षित वर्गको प्रतिनिधित्व गराउन पहल गरिएको छ । महिला, दलित, अपांगता भएका ब्यक्तिहरु तथा सिमान्तकृत समुदायका कृषक तथा उद्यमीहरुलाई प्राथमिकताकासाथ अवशर प्रदान गर्ने र लैङ्गिक हिंसा, जातीय विभेद र असमानता न्युनीकरणका लागि जनचेतनामुलक कार्यक्रमहरु कार्यान्वयन गरिरहेको विषय यस क्षेत्रको प्रमुख उपलब्धि हो । |
| ३ | मानव संसाधन तथा क्षमता विकास | अजयमेरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा लैसअसाससंग सम्बन्धित मानव संसाधनको विकास गर्न निरन्तर रुपमा लैसअसास अभिमूखीकरण गर्ने, लैसअसास क्षमता विकासका योजनाको तर्जुमा गर्ने, कार्यालयबाट तर्जुमा गरिने क्षमता अभिबृद्धिका कार्यक्रमहरुमा महिला तथा लक्षित वर्ग अन्तर्गत पर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सहभागी गराउने, विपद् ब्यवस्थापन लगायत सबै क्षेत्रमा तथ्याङ्क संकलन गर्दा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र वार्षिक योजना तर्जुमा गर्दा तथ्याङ्कको आधारलाई मान्ने जस्ता बिषयमा कार्यालयबाट प्रतिवद्धता ब्यक्त गरिएको छ । |
| ४ | सुशासन तथा उत्तरदायित्व | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुखको नेतृत्वमा यथासक्य चाडो शिशुकक्ष, स्तनपान कक्ष, आरामकक्ष, सेनिटरी प्याड र बिर्को भएको डस्टबिनसहितको महिला शौचालयलाई महिला मैत्री बनाउने, दुई वर्षसम्म उमेर भएका बालबालिका भएका महिला कर्मचारीको लागि शिशु स्याहार र स्तनपान गराउने समयको ब्यवस्था गराउने, बालमैत्री र अपाङ्ग मैत्री खानेपानी र शौचालयको ब्यवस्था गर्ने, कार्यलयमा यौन शोषण तथा दुर्ब्यबहार विरुद्धको आचारसहिंताको निर्माण गर्ने, प्रतिवद्धता ब्यक्त गरिएकोछ । |

| | | |
|---|---|---|
| ५ | सेवा प्रवाह | सेवा प्रवाहमा अजयमेरु गाउँपालिका तुलनात्मक रुपमा सवल देखिएता पनि केहि क्षेत्रहरुमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसको लागि गाउँपालिका कार्यालय प्रतिवद्ध रहेको छ । गाउँ कार्यपालिकाको कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक वडापत्रमा स्पष्ट रुपमा उल्लेख गरि सबैको पहुंच हुने ठाँउंमा राखिएको छ, जुन निकै सकारात्मक पक्ष हो । सेवा प्रवाहको लागि मापदण्डको निर्माण गर्ने, कार्यालयमा लैसासस मैत्री नागरिक सहायता कक्षको स्थापना गर्ने र बार्षिक योजना तथा कार्यक्रमहरुलाई लैसाससमैत्री बनाउन कार्यालयबाट सार्वजनिक प्रतिवद्धता ब्यक्त गरिएको छ । |

### २.७) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणको अंक भार

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका लागी स्थानीय सरकारको नीतिमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसहितको विकास, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धता लगायतका बिषयबस्तु समेटिएका छन् । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणकाका लागी देहायका पाँच वटा सुचकहरु तथा अंकभारको व्यवस्था गरिएको छ ।

### २.७.क) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका मुख्य तथा सहायक विषय क्षेत्र तथा अंकभार

| मुख्य विषयगत क्षेत्र तथा सुचकहरु | मुख्य सुचकहरुमा अंकभार |
|---|---|
| नीति तथा कानुन योजना | २० |
| संस्थागत व्यवस्था | २० |
| मानव संसाधान र क्षमता विकास | २० |
| सेवा प्रवाह | २० |
| शुसासन र जवाफदेहिता | २० |

### २.७ ख) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका उपसुचकहरु

**लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणका** ५ मुख्य सुचकहरु भित्र २२ वटा उपसुचकहरु राखिएका छन् । ति सुचकहरुलाई प्रस्ट पार्नको लागी प्रत्येक उप सुचकहरुमा प्रश्न राखिएका छन् । समग्रमा यस उप सुचक भित्र १०० वटा प्रश्नहरु राखिएका छन् । प्रत्येक प्रश्नको पूर्णांक १ राखिएको छ जसमा ० देखी १सम्मको अंकभार रहेको छ । २२ वटा उपसुचकहरु यस प्रकार रहेका छन् ।

| **क्र.सं.** | **मुख्य तथा सहायक विषय क्षेत्र** | **सुचकको अंकभार** | **उपसुचकका अंकभार** |
|---|---|---|---|
| १ | नीति, कानुन र योजना | २० | |
| १.१ | नीति र कानुनमा समावेशी सहभागीता | | ८ |
| १.२ | योजना र कायान्वयन | | ८ |
| १.३ | बजेट | | ४ |
| २ | संस्थागत व्यवस्था | २० | |
| २.१ | कर्मचारी अधिकारी प्रतिनिधित्व | | ४ |
| २.२ | प्रकृयाहरु समावेशी | | ४ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | ४ |
| २.४ | वित्तिय व्यवस्थापन प्रणालीमा समावेशीकरण | | ४ |
| २.५ | तथ्यांक संकलन तथा व्यवस्थापन | | ४ |
| ३ | मानव संसाधन र क्षमता विकास | २० | |
| ३.१ | मानव संसाधन र क्षमता विकास | | ८ |
| ३.२ | अनौपचारिक मुल्य मान्यता र विश्वास र अन्धविश्वास विरुद्ध जनचेतना | | ४ |
| ३.३ | कानुनी साक्षरता | | ४ |
| ३.४ | विपद व्यवस्थापनमा समावेश | | ४ |

| | | | |
|---|---|---|---|
| ४ | सेवा प्रवाह | २० | |
| ४.१ | पुर्वाधार विकास | | ४ |
| ४.२ | प्रजनन सेवा | | ४ |
| ४.३ | शिक्षा कार्यक्रम | | ४ |
| ४.४ | खानेपानी तथा सरसफाई | | ४ |
| ४.५ | स्वरोजगार, आय र बजार व्यवस्थापन | | ४ |
| ५ | शुसासन र जवाफदेहिता | २० | |
| ५.१ | शुसासन | | ४ |
| ५.२ | उत्तरदायी र जवाफदेहिता | | ४ |
| ५.३ | सुचना र संञ्चार | | ४ |
| ५.४ | अनुगमन र मुल्यांकन | | ४ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | | ४ |
| | जम्मा | १०० | १०० |

प्रत्येक उपसुचकको मुल्यांकन गर्दा राम्रो अवस्थालाई अंक १, मध्यम अवस्थालाई अंक ०.५ र अति कमजोर अवस्थालाई अंक ० दिइएको छ । तालिका नं.१ मा प्रत्येक सुचकमा “०”, “०.५” र “१” अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार समेत राखिएको छ । यि सुचकमा गरिने मुल्यांकन कार्यदलको सामुहिक मुल्यांकन हो । कार्यदलका सदस्यहरुले पहिला सुचकमा छलफल गरि सोको अवस्थामा सहमतिमा अंक प्रदान गरिएको छ । अजयमेरु गाउँपालिकाको **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण**का क्रममा कार्यदलमा १०० वटा सुचांकहरुका बारेमा बुँदागत छलफल भई सर्वसम्मत रुपमा अंक दिने व्यवस्था गरिएको थियो । विवाद उत्पन्न भएको अबस्थामा सहजकर्ताहरुले सहजीकरण गरेर **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण** कार्य सम्पन्न गरिएको छ ।

# भाग ३ :

# अजयमेरु  गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षणबाट आएको नतिजा

### ३.१) अजयमेरु  गाउँपालिकाको लैसअसास परिक्षण अंक भार

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक परिक्षण निर्देशिका र प्रचलित कार्यविधिअनुसार अजयमेरु  गाँउपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीककरण परिक्षण गर्दा निम्न बमोजिम अंक प्राप्त गरेको छ ।

**तालिका नं. १ : मुख्य विषय क्षेत्रमा प्राप्त गरेको अंक**

| मुख्य विषयगत क्षेत्र तथा सुचकहरु | कुल अंकभार | प्राप्त गरेको अंक (नतिजा ) |
|---|---|---|
| नीति तथा कानुन योजना | २० | **१३** |
| संस्थागत व्यवस्था | २० | **११** |
| मानव संसाधान र क्षमता विकास | २० | **१२** |
| सेवा प्रवाह | २० | **१३** |
| शुसासन र जवाफदेहिता | २० | **१३** |
| कुल | १०० | **६२** |

**तालिका नं.२ : सहायक विषय क्षेत्र शिर्षक अनुसार प्राप्त गरेको अंक**

| क्र.सं. | मुख्य तथा सहायक विषय क्षेत्र | सुचकको अंकभार | प्राप्तांक |
|---|---|---|---|
| **१** | **नीति, कानुन र योजना** | **२०** | |
| १.१ | नीति र कानुनमा समावेशी सहभागीता | ८ | ५.५ |
| १.२ | योजना र कायान्वयन | ८ | ५.५ |
| १.३ | बजेट | ४ | २ |
| | **जम्मा** | **२०** | **१३** |

| | | | |
|---|---|---|---|
| **२** | **संस्थागत व्यवस्था** | **२०** | |
| २.१ | कर्मचारी अधिकारी प्रतिनिधित्व | ४ | २ |
| २.२ | प्रकृयाहरु समावेशी | ४ | २ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २ |
| २.४ | वित्तिय व्यवस्थापन प्रणालीमा समावेशीकरण | ४ | २.५ |
| २.५ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **११** |
| **३** | **मानव संसाधन र क्षमता विकास** | **२०** | |
| ३.१ | मानव संसाधन र क्षमता विकास | ८ | ४.५ |
| ३.२ | अनौपचारिक मुल्य मान्यता र विश्वास र अन्धविश्वास विरुद्ध जनचेतना | ४ | ३.५ |
| ३.३ | कानुनी साक्षरता | ४ | २ |
| ३.४ | विपद व्यवस्थापनमा समावेश | ४ | २ |
| | **जम्मा** | **२०** | **१२** |
| **४** | **सेवा प्रवाह** | **२०** | |
| ४.१ | पुर्वाधार विकास | ४ | २ |
| ४.२ | प्रजनन सेवा | ४ | ३ |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | ३ |
| ४.४ | खानेपानी तथा सरसफाई | ४ | २.५ |
| ४.५ | स्वरोजगार, आय र बजार व्यवस्थापन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१३** |

| | | | |
|---|---|---|---|
| **५** | **शुसासन र जवाफदेयिता** | **२०** | |
| ५.१ | शुसासन | ४ | २.५ |
| ५.२ | उत्तरदायि र जवाफदेहिता | ४ | २.५ |
| ५.३ | सुचना र संञ्चार | ४ | ३ |
| ५.४ | अनुगमन र मुल्यांकन | ४ | २ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ | ३ |
| | **जम्मा** | **२०** | **१३** |
| | **जम्मा** | **१००** | **६२** |

**तालिका नं. ३ : माकुरी जालोको चित्र विश्लेषण**



**तालिका नं.४ : लैसअसास परिक्षण नतिजा बार चार्ट (स्तम्भ चित्र विश्लेषण)**



**तालिका नं. ५: लैसअसास परिक्षणको नतिजा (माकुरी जालो विश्लेषण)**



**तालिका नं.६: अजयमेरु गाँउपालिकाको लैसअसास परिक्षणको लेखाजोखा (स्तम्भ चित्र विश्लेषण)**



### ३.२) अजयमेरु गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौतीहरु

अजयमेरु गाँउपालिकाको आर्थिक बर्ष २०८२/०८३ को लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा देखिएको नतिजा अनुसार गाँउपालिकाको लैसअसासको नजरले सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुलाई विश्लेषण गरेर प्रस्तुत गरिएको छ । कार्यदलको सहभागितामा सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण गरिएको हो ।

| क..सं. | मुलविषय | सवलपक्ष | सुधार गनुपर्ने पक्ष | अवसर | चुनौतिहरु |
|---|---|---|---|---|---|
| १ | नीति, कानुन र योजना | १) अजयमेरु गाँउपालिकाले आफनो निति तथा कार्यक्रमहरु तयार गर्दा तथा बार्षिक योजनाहरु बनाउदा लैसअसासलाई समेट्ने गरेको तथा न्यायिक समिति मार्फत स्थानीय स्तरमा महिला सिमान्तकृत तथा बहिष्कृत र बञ्चितीकरणमा परेको समुदायमाथि हुने विभिन्न किसिमका हिंसा तथा असमानता र विभेदका उजुरीमाथि निरन्तर रुपमा सुनुवाई हुने गरेको छ । | १) अजयमेरु गाँउपालिकाले आफुले बनाएको नीति, कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्दा वा कार्य सम्पन्न भए पश्चातको लेखाजोखा वा बिश्लेषण गर्दा बञ्चितिकरणमा परेका समुदायका सदस्यहरुलाई पनि सहभागी गराउनुपर्ने देखिन्छ । हरेक बर्ष गाँउपालिकाको लैसअसास परिक्षण गर्नका लागी व्यवस्था मिलाउनु पर्ने<br><br>२) लक्षित बर्गको योजना निर्माण गर्दा उनिहरुको अवस्था विश्लेषण तथा आवश्यकता पहिचान गरि | १) महिला तथा वालवालिका शाखा प्रमुखलाई लैसअसास श्रोत व्यक्ति तोकिएको छ ।<br><br>२) विभिन्न उपभोक्ता समितिमा महिलाहरुको नेतृत्वलाई प्रोत्साहित गर्ने गरेको ।<br><br>३ : अजयमेरु गाँउपालिकाको निति, कार्यक्रम तथा योजनाहरुमा लैससासलाई समेट्ने प्रयास गरिरहेको ।<br><br>४) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका | लैसअसासलाई प्रमुख मुद्दाको रुपमा अगाडी बढाउन र समस्या तथा सवालहरुको सम्वोधन गर्न छुट्टै र पर्याप्त बजेटको अभाव हुनु ।<br><br>समयसापेक्ष रुपमा नीति, कानून र योजनाहरुमा सुधार ल्याउँदै कार्यान्वयन गर्न कठिनाई । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २)स्थानीय योजना निर्माणको प्रक्रियामा सबै पक्षको सहभागीता गराउने प्रयास गरेको तथा स्थानिय योजना निर्माण प्रकृयामा महिला, वालवालिका तथा पिछडिएको बर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्ने गरि योजना निर्माण गर्ने गरिएको । | निर्माण गर्ने परिपाटिको सुरु गर्नुपर्ने ।<br>३) लैसअसासको बिषयमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु अजयमेरु गाँउपालिकाले संञ्चालन गर्नुपर्ने । | अभ्यासहरु अनुशरण गरिएको र परीक्षणका | |
| २ | संस्थागत व्यवस्था | १) अजयमेरु गाँउपालिकाका जनप्रतिनिधिहरु नेपाल सरकारले तोके अनुसारको समावेशी रुपमा रहेको तथा विभिन्न समिति तथा उपसमितिहरुमा साथै कर्मचारीहरुमा महिला तथा पुरुषहरुको सन्तोषजनक उपस्थिती रहेको । | १ ) अजयमेरु गाँउपालिकाले लैसअसास परीषण सम्बन्धि निश्चित निर्देशिका र कार्यविधि तयार गर्नुपर्ने ।<br>२ ) बस्ती स्तरको योजना निर्माणको क्रममा सबै पक्षको सहभागीता हुने देखिए पनि पालिका स्तरका योजना निर्माणको क्रममा लक्षित बर्गहरुको उपस्थिती कमजोर रहेकोमा लक्षित बर्गको सहभागीतालाई | १) अजयमेरु गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ तर्जुमा गरेर कार्यान्वयन गरिरहेको ।<br>२) अजयमेरु गाँउपालिकाले लैसअसासमैत्री अभ्यासहरु निरन्तर रुपमा अनुशरण गरिरहेको । | रणनीतिक योजना कार्यान्वयनका लागि श्रोतको अभाव |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जोड दिईनु पर्ने ।<br><br>३ ) अजयमेरु गाँउपालिकाले लैससासलाई मध्यनजर गर्दै लैगिंक हिँसा निवारण, शिप विकास तथा क्षमता अभिबृद्धिका लागी छुट्टै कोषको व्यवस्था गर्नका लागी आर्थिक ऐनमा उल्लेख गर्ने वा श्रोतको व्यवस्थापन गर्ने । | | |
| ३ | मानव संसाधन क्षमता विकास | १) अजयमेरु गाँउपालिकाले महिला विरुद्ध सबै हिँसा न्यूनिकरणका लागी बार्षिक रुपमा कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने गरेको ।<br><br>२ ) अजयमेरु गाँउपालिकामा निर्वाचित जनप्रतिनिधिहरु सबै, कर्मचारीहरु लाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका विभिन्न ऐन तथा | १) लैसअसासका लागी क्षमता विकास कार्ययोजना निर्माण गरेर बजेटको व्यवस्था गर्नुपर्ने तथा उक्त बजेटलाई कसरी परिचालन गर्ने भन्ने बिषयमा कार्यविधि वा निर्देशिका बनाएर कार्यान्वयन गर्नुपर्ने ।<br><br>२) अजयमेरु गाँउपालिकामा मानव संसाधन विकास शाखाको स्थापना गरि लैससासको बिषयमा क्षमता अभिबृद्धिका | आवश्यकता पहिचान गरेर क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गर्न सकिने ।<br><br>लैङ्गिक हिँसामुक्त अजयमेरु गाँउपालिका घोषणाका लागि आवश्यक अधिकांस सुचांकहरु पुरा गरेको । | प्रयाप्त बजेटको अभाव ।<br><br>दक्ष जनशक्तिको अभाव । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अजयमेरु गाँउपालिकाले पारित गरेका विभिन्न निति नियम कानुन र निर्देशिकाको बारेमा अभिमुखीकरण गरेको ।<br><br>३ ) अजयमेरु गाँउपालिकाले आफनो विपद व्यवस्थापन योजना बनाउने क्रममा विभिन्न तहमा लक्षित समुहहरु संग समन्वय तथा सरसल्लाह गर्ने गररेको । | कार्यक्रम संञ्चालन गर्न सक्ने दक्ष जनशक्ति तयार गर्नको लागी पहल गर्नुपर्ने ।<br><br>३) लैङ्गिक हिँसा बिरुद्ध हुने सबै प्रकारका विभेदहरु हटाउदै लैङ्गिक हिँसामुक्त अजयमेरु गाँउपालिका घोषणा तर्फ अग्रसर हुने ।<br><br>४) स्थानीय विपद नयूनिकरण तथा प्रतिकार्य योजना निर्माण गर्ने र निर्माण गर्दा लैससासलाई मध्यनजर गरि बनाउने । | | |
| ४ | सेवा प्रवाह | १) अजयमेरु गाँउपालिकामा विभिन्न शाखाहरु मार्फत संञ्चालन हुने कार्यक्रमहरुमा लैसअसासलाई समेट्ने प्रयास गरेको ।<br><br>३) विभिन्न शाखा तथा कार्यक्रमहरु बाट नगरपालिका भित्र रहेको तथ्यांक लिई सोहीको आधारमा | १) अजयमेरु गाँउपालिका अन्तर्गत स्वास्थ्य शाखामा छुट्टै स्तनपान कक्षहरु भए पनि गाँउपालिकाको मुख्य कार्यालय तथा गाँउपालिका अन्तर्गतका वडा र मातहतका अन्य कार्यालयहरुमा छुट्टै स्तनपान कक्षहरु निर्माण गरिनुपर्ने ।<br><br>२) अजयमेरु | समाजमा रहेका महिला पिछडिएका बर्गहरुको सहभागीता पाईएको | बजेटको अभाव हुन सक्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | महिला तथा लक्षित समुहका सदश्यहरु लाई विभिन्न आयमुलक तथा शिपमुलक क्रियाक्लापमा सहभागी गराउने गरेको । | गाँउपालिका भित्रका विद्यालयमा गरिव, दलित समुदायका बालबालिकाहरुको विद्यालय छोड्ने दर अरुको भन्दा तुलनात्मक रुपमा बढी भएको ले विद्यालय भर्ना अभियानलाई चुस्त दुरुस्त रुपमा संञ्चालन गरेर बञ्चितिकरणमा परेका समुहका बालबालिकालाई विद्यालयतिर आकर्षित गर्ने ।<br><br>३ ) अजयमेरु गाँउपालिकाका विभिन्न स्थानहरुमा लैसअसासमैत्री शौचालय तथा धाराहरुको निर्माण गर्नुपर्ने ।<br><br>४) लैसअसासमैत्री पुर्वाधार निर्माणका लागी पूर्वाधार विकास शाखाले ध्यान दिनु पर्ने । | | |
| ५ | शुसासन तथा उत्तरदायित्व | १) अजयमेरु गाँउपालिकाले सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न निति, नियम, | १ ) अजयमेरु गाँउपालिकाले आफनो भौगोलिक क्षेत्र भित्र कार्यरत सम्पूर्ण सरोकारवाला | समन्वय सहकार्य गरेर सम्पन्न गरिएका कार्यक्रमहरु बढी प्रभावकारी रउपलब्धिमुलक | कार्यान्वयनका लागि दक्ष जनशक्ति र श्रोतको अभाव । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कानुन तथा निर्देशिका बनाई जारी गरेको ।<br><br>२) अजयमेरु गाँउपालिकाले उत्तरदायि र जवाफदेही भुमिका निभाउदै आफना सम्पूर्ण सार्वजनिक सुनुवाईका कार्यक्रम तथा पत्रकारहरु मार्फत आफना गतिविधिहरुलाई सार्वजनिकिकरण गर्ने गरेको ।<br><br>३) अजयमेरु गाँउपालिकाले आफनो सार्वजनिकिकरण कार्यक्रममा सबै पक्ष लाई समेट्ने प्रयास गरेको । | निकायहरुको समन्वय बैठक राखेर लैसअसासका संयुक्त कार्यक्रमहरु तर्जुमा गर्दै कार्यान्वयन गर्नुपर्ने<br><br>२ ) विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नीति तथा कार्यक्रम , सन्धि तथा अभि संन्धिमा उल्लेख भएका लैसअसाससम्बन्धि बुदाँ हरु लाई स्थानिय पालिका मा लागु गर्न पहल गर्नूपर्ने ।<br><br>३ ) दिगो विकास लक्ष लाई सहयोग पुग्ने कार्यक्रम तथा योजनाहरु निर्माण गर्नुपर्ने । | हुने गरेको | |

## ३.३० अजयमेरु गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण कार्ययोजना

अजयमेरु गाँउपालिकको लैसअसास परिक्षण गर्दा गाँउपालिकाको सवल पक्ष र सुधार गर्नुपर्ने पक्षलाई मध्यनजर गर्दै प्राप्त भएको सुझाव लाई ५ वटै मुख्य क्षेत्रको आधारमा आगामी दिनमा लैङ्गक समानता र सामाजिक समावेशीको मुद्दालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागी निम्न बमोजिमको कार्ययोजना तयार गरिएको छ । प्रस्तुत कार्ययोजनालाई अगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन गर्ने प्रतिवद्धता गाउँपालिकाको नेतृत्वबाट ब्यक्त गरिएको छ । यससँगै अजयमेरु गाउँपालिकाले लैसअसास परिक्षणका क्रममा देखिएका सवल पक्षहरुको निरन्तरता र कमजोर पक्षहरुमा सुधार ल्याउनका लागि गाउंपालिका स्तरीय विशेष समिति गठन गरेर सो समितिको नेतृत्वमा कार्ययोजना कार्यान्वयन गर्ने सार्वजनिक प्रतिवद्धता ब्यक्त गरिएको छ ।

| मुल विषय | अकंभार | प्राप्त अंकभार | कार्यविवरण | जिम्मेवारी | बजेट | समय | उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| नीति, कानुन र योजना | २० | १३ | १) गाँउपालिकाले आफनो नीति तथा कानुन र योजना जारि गर्नु भन्दा पहिले लैसअसासको दृष्टिले ठिक भए नभएको लेखा जोखा र बिश्लेषण र सिकाई तथा अनुभव आदान प्रदान गर्ने ।<br><br>२) महिला र पुरुष लगायत लैगिंक तथा यौनिक अल्पसँख्यकहरुको सम विकास लैसअसास तथा सामाजिक बिभेद अन्त्य गर्ने नीती दस्ताबेज र स्थानिय ऐन कानून,कार्यबिधि, निर्देशिकाहरु तयार गनुपर्ने ।<br><br>३) महिला किशोरी, बालबालिकाहरु तथा लक्षित वर्ग लगायतमा लैसअसास दृष्टिले बिश्लेषण गरी सबै प्रकारका बिभेदजन्य कार्यहरुको अत्य गर्ने गरी स्थानीय ऐन नियम कार्यबिधि र | अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत<br><br>जेडसी फोकल पर्सन<br><br>जेड्सी कार्ययोजना कार्यान्वयन कार्यदल | | आगामी आर्थिक बर्ष भरि | नीति कानुन तथा योजनाहरु लैसअसासमैत्री हुनुका साथै निदृष्ट लक्ष्य निर्धारण गरेर तर्जुमा गरिएका लैसाअसास सम्बन्धित योजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका हुनेछन ।<br><br>विभेदजन्य कृयाकलापमा कमि आउनुका साथै समानता र समताका अभ्यास गरिएको हुनेछ ।<br><br>स्थानीय र आप्रवासी कामदार तथा श्रमिक बिच हुने विभेद रोक्ने किसिमका प्राबधान राखेर श्रम नीति तथा कानून निर्माण भइ कार्यान्वयन भएका हुनेछन ।<br><br>समावेशी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | निर्देशिकाहरु जारी गर्ने ।<br><br>४) गाउँपालिकाको नीति तथा कानूनमा स्थानीय र आप्रवासी कामदार तथा श्रमिकबीच हुने बिभेद रोक्ने किसिमका प्राबधान राखेर स्थानीय तहको श्रम नीती तथा कानून तर्जुमा गरेर आप्रबासी कामदार तथा श्रमिक बिच हुने बिभेद न्युनिकरण गर्ने ।<br>४) समावेशी विकासको लागी नीति तथा लक्ष्य सहितको कार्यक्रमहरु तर्जुमा गरेर कार्यान्वयन गर्ने ।<br>५) महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी नीति योजना तथा बार्षिक विकास कार्यक्रमहरु तय गरिने छन ।<br>६) बार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागी निश्चित प्रतिशत बजेट बिनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने र लैसअसास प्रतिवेदन | | | | विकासको लागी नीति तथा लक्ष्य सहितको कार्यक्रमहरु तर्जुमा गरेर कार्यान्वयन पश्चात लक्षित समुदायको जीवनस्तरमा सुधार आएको हुनेछ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | र प्रगति प्रतिवेदन समेत तयार गरी सार्वजनिक गर्ने । | | | | |
| संस्थागत व्यवस्था | २० | ११ | १) अजयमेरु गाँउपालिकाले गठन गर्ने समिति उपसमिति तथा कार्यदलहरुमा बञ्चितिकरणमा परेका समुहको प्रतिनिधित्व भए पनि उनिहरुको सक्रिय भुमिका बढाउनु पर्ने ।<br>२) निर्णायक तहमा ५० प्रतिशत महिला पदाधिकारी र कर्मचारी को ब्याबस्था गर्ने ।<br>३) गाँउपालिकाले वडा तथा बस्ति स्तरमा रहेको बञ्चितिकरणमा परेका समुहको खण्डिकृत तथ्यांक संकलन गर्ने तथा नियमित रुपमा अद्यावधिक गर्ने ।<br>४) सकारात्मक विभेदको नीति तथा रणनीति दस्तावेज तयार गरिनुका साथै क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा | कार्यपालिका<br>कार्यपालिका तथा प्रशासकीय अधिकृत | | आगामी आर्थिक बर्ष भित्र | १) हालसम्म बञ्चितिकरणमा परेको समुहका सदस्यहरुको निर्णायक तहमा प्रतिनिधित्व र अर्थपुर्ण सहभागिताबढ्ने छ ।<br>२) निर्णायक तहमा ५० प्रतिशत महिला पदाधिकारी र कर्मचारी को ब्याबस्था गन<br>३) गाउँपालिका भित्र रहेको बञ्चितिकरणमा परेका समुहको अद्यावधिक तथ्यांक गाउँपालिकासंग हुनेछ ।<br>गाउँपालिकाका पाँच वटै वडामा जेड्सी डेस्क स्थापना भई सेवाप्रवाह भएको हुनेछ । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यान्वयन गर्ने ।<br><br>५) कर्मचारी सांगठनिक तालिकामा व्यवस्था गरेर प्रत्येक वडामा जेड्सी डेस्क स्थापना गर्ने । | | | | |
| मानव संसाधन क्षमता विकास | २० | १२ | १) लैगिंक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका गतिविधि वा क्षमता अभिबृद्धिका लागी गाउँपालिकाबाट छुट्टै बजेट बिनियोजन गर्ने र कार्यान्वयन गर्न निर्देशिका तयार गरेर जारी गर्ने ।<br><br>२) गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई प्रचलित महत्वपूर्ण कानुनको बारेमा प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने ।<br><br>३) गाउँपालिकाले आयोजना गर्ने तालिममा समावेश गरिने विषयवस्तुको प्रस्तुतिकरणमा लैसाअसासका विषय बस्तुहरु समावेश गर्ने । | कार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृत<br><br>कार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृत | | | गाँउपालिकामा लैगिँक समानता एब सामाजिक समावेशिकरण सम्बन्धि कार्यक्रम संञ्चान गर्न सहज हुनेछ ।<br><br>स्थानीय जनप्रतिनिधिहरु नेपाल सरकारको विद्यमान कानुन, निति नियमहरुका बारेमा जानकार हुनेछन ।<br><br>लैसाअसास मुलप्रवाहीकरण भएको हुनेछ ।<br><br>लैसाअसास सम्बन्धि तालिम दिन सक्ने दक्ष प्रशिक्षकहरु तयार भई तालिम कार्यक्रमहरु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ४) लैसाअसस सम्बन्धि तालिम प्रदान गर्नसक्ने दक्ष प्रशिक्षक तथा सहजकर्ताहरु तयार गर्ने ।<br><br>५) बैइजिग घोषणापत्रबारे सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने । | | | | कार्यान्वयन हुनेछन ।<br><br>बैइजिग घोषणापत्रबारे सरोकारवालाहरु जानकार हुनुका साथै घोषणाको कार्यान्वयनका लागि क्रियासिल भएका हुनेछन । |
| सेवा प्रवाह | २० | १३ | १) गाउँपालिका क्षेत्र भित्र रहेको सार्वजनिक कार्यालयहरु तथा सार्वजनिक स्थानहरुमा स्तनपान कक्ष, आराम कक्ष, पिउने पानी व्यवस्थापन र हात धुने ठाउँ निर्माण गर्ने ।<br><br>२) भौतिक संरचनाहरु निर्माण गर्दा लैंगिक मैत्री, अपांगमैत्री र भूकम्प प्रतिरोधी बनाउने । | स्वास्थ्य शाखा तथा कार्यपालिका | | आगामी आ.व. भित्र | महिला, दलित, अपांगता भएका ब्यक्तिहरु, यौनिक अल्पसंख्यकहरुको आत्मसम्मान बढ्नेछ ।<br><br>सेवाप्रवाहमा सुधार आएको हुनेछ । |
| शुसासन तथा उत्तरदायित्व | २० | १३ | १) गाँउपालिकाको शुसासन तथा उत्तरदायित्व कायम गर्न योजना तथा कार्यक्रम तयार गर्दा अनुगमन र मूल्यांकनको | कार्यपालिका तथा योजना शाखा | | आगामी आ.व. भित्र | गाउँपालिकामा सुशासन प्रवर्द्धन हुनुका साथै सेवाप्रवाहमा सुधार हुनेछ ।<br><br>लैसअसासका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पृष्ठभुमीलाई सम्बोधन गर्ने ।<br>२) संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धीका प्रतिवद्धताहरु कार्यान्वयन गर्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।<br>३) सार्वजनिक परीक्षण, समाजिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता कृयाकलापहरु नियमित रुपमा कार्यान्वयन गर्ने ।<br>४) गुनासो व्यवस्थापन संयन्त्रलाई प्रभावकारी र सकृय बनाउने ।<br>५) कार्यसम्पादन र सेवाप्रवाहलाई प्रभावकारी बनाउन नीति, कानून, कार्यविधि र निर्देशिकाहरु जारी गर्ने । | | | | सवालहरुको सम्बोधन भई समानता र समतामुखी कामहरु भएका हुनेछन ।<br>बालबालिकाको अबस्थामा सुधार आएको हुनेछ ।<br>गुनासो ब्यवस्थापन भई सर्वसधारणले स्थानीय सरकारको अनुभुति पाउने छन ।<br>कार्यसम्पादन र सेवाप्रवाहमा सुधार आउनुका साथै उत्तरदायी स्थानीय सरकारका रुपमा गाउँपालिकाको छुट्टै पहिचान बन्ने छ । |

# भाग ४ :
# निष्कर्ष तथा सुझावहरु

४.१) **निष्कर्ष** :

अजयमेरु गाउँपालिकाको लैसअसास परिक्षणबाट आएको नतिजाका आधारमा गाँउ कार्यपालिकाको कार्यालयले लैसअसासको क्षेत्रमा निम्न बमोजिमको सुधार गर्नुपर्ने आवश्यक देखिन्छ । लैसअसास परीक्षणका क्रममा स्थानीय तहको विद्यमान अबस्था, नागरिकहरुको सार्थक एवं अर्थपुर्ण सहिभागिता र कानूनी तथा नीतिगत ब्यवस्थाको कार्यान्वयनको स्थिति मापन गरेर लेखाजोखा गरिएको छ । कार्यालयले सामुहिक निर्णय गरेर कार्ययोजना बनाई गरिरहेका कामहरुको प्रगति समिक्षा गर्ने, कमजोरी भएमा सुधार गर्ने र अनुभव तथा सिकाईहरु आदानप्रदान गर्ने गरेको पाइएको छ । कार्यालयले अधिकांस सुचांकहरुमा उल्लेख्य प्रगति गरेको र गतबर्षको तुलनामा थुप्रै क्षेत्रहरुमा सुधार गरेको पाइएको छ । नीति, कानून योजना, संस्थागत ब्यवस्था र सुशासन तथा उत्तरदायित्व विषयगत क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेका कारण उत्कृष्ट नतिजा निकाल्न सफल भएको छ भने मानव संसाधन तथा क्षमता विकास र सेवाप्रवाह विषयगत क्षेत्रमा थप सुधार गर्न जरुरी छ ।

४.२) **सुझावहरु**

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेसीकरण परीक्षण पश्चात हासिल गरिएका नतिजाहरुका आधारमा गाउँपालिकालाई थप लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेसीकरणमैत्री बनाउन निम्नअनुसार सुझावहरु सिफारिस गरिएको छ :

- अजयमेरु गाँउपालिकाद्धारा जारि गरिने ऐन, कानुन र निर्देशिकाहरु लैसअसासमैत्री भएका र प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्ने ।
- पाँचवटै विषयगत क्षेत्रको लागी बनाईएको कार्ययोजनाको लागी क्रमस : बजेट विनियोजन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- लैसअसास नीतिको पूर्ण कार्यान्वयन हुनुपर्ने ।
- लैसअसासको अवधारणा, कार्यान्वयनको अबस्था र सिकाईहरुका बारेमा गाउँपालिकाका सबै पदाधिकारी एबं कर्मचारीहरुलाई जानकारी दिनुपर्ने ।
- सबै पाँच वटै क्षेत्रमा प्राप्त नतिजालाई मध्यनजर गर्दै गाँउपालिकाको सबै कार्ययोजना तथा बजेटको व्यवस्थापनमा लैसअसास उत्तरदायी बनाउदै जानुपर्ने ।
- लैसअसास उत्तरदायी बजेट अवधारणा सुत्रमा अंकित गरे अनुरुप लागु गरी प्रभावकारी कार्यान्वयनमा लैजानु पर्ने ।

- नेपाल सरकारले हस्ताक्षर गरेका अर्न्तराष्ट्रिय प्रतिवद्धतापत्रहरु जस्तै बेईजिंग घोषणापत्रअनुसारको योजना, महिला विरुद्ध हुने सबै किसिमका भेदभाव अन्त्यको लागी गाँउपालिकाद्धारा आफनो बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने ।
- अजयमेरु गाउँपालिकाले जारी गरेका कानूनी दस्तावेजहरु जुन वर्गको लागि निर्माण गरिएको त्यस्ता वर्गको सहभागितामा निर्माण गरिनु पर्ने र जारी भएका कानून, नीति, निर्देशिका, रणनीति, मापदण्ड र कार्यविधीहरुका बारेमा महिला तथा लक्षित वर्गलाई अभिमूखिकरण गराई जानकारी गराउनुपर्ने ।
- श्रेणीविहिन र करारमा कर्मचारी पदपूर्ति गर्दा सिमान्तकृत महिला, लक्षित वर्गको प्रतिनिधित्व गराउनको लागि नीतिगत ब्यवस्था गर्ने र लैङ्गिक हिंसा सम्बन्धित उजुरी दर्ता गर्न हटलाईन तथा टोल फ्रि नम्बरको ब्यवस्था गर्ने गाउँपालिका नेतृत्वबाट प्रतिवद्धता ब्यक्त गरिएको छ ।
- लैससाससंग सम्बन्धित मानव संसाधनको क्षेत्रमा विकास गरी निरन्तर रुपमा लैसअसास अभिमूखीकरण गर्ने, लैसअसास क्षमता विकासका योजनाको तर्जुमा गर्ने, गाउँपालिकाबाट तर्जुमा गरिने क्षमता अभिबृद्धिका कार्यक्रमहरुमा महिला तथा लक्षित वर्ग अन्तर्गत पर्ने कर्मचारीहरुलाई सहभागी गराउने, विपत ब्यवस्थापन लगायत सबै क्षेत्रमा तथ्याङ्क संकलन गर्दा खण्डिकृत तथ्याङ्क संकलन गर्ने र वार्षिक योजना तर्जुमा गर्दा तथ्याङ्कको आधारलाई मान्ने जस्ता बिषयमा गाउँपालिका नेतृत्वबाट प्रतिवद्धता ब्यक्त गरिएको छ । यसकिसिमको प्रतिवद्धता कार्यान्वयन गर्न जरुरी छ ।
- यथासक्य चाडो शिशुकक्ष, स्तनपान कक्ष, आराम कक्ष, सेनिटरी प्याड र विर्को भएको डस्टबिनसहितको महिला शौचालयलाई महिला मैत्री बनाउने, दुई वर्षसम्मका बालबालिका भएका महिला कर्मचारीको लागि शिशु स्याहार र स्तनपान गराउने समयको ब्यवस्था गराउने, बालमैत्री र अपाङ्ग मैत्री खानेपानीको ब्यवस्था गर्ने, कार्यलयमा यौन शोषण तथा दुर्व्यबहारविरुद्धको आचारसहिंताको निर्माण गर्ने प्रतिवद्धता गाउँपालिका नेतृत्वबाट ब्यक्त गरिएको छ ।
- मानव संसाधन तथा क्षमता विकास र सेवा प्रवाहमा अजयमेरु तुलनात्मक रुपमा सवल देखिएता पनि केही क्षेत्रमा सुधार गर्नुपर्ने देखिएको छ त्यसको लागि गाउँपालिका प्रतिवद्ध रहेको छ । सेवा प्रवाहको लागि मापदण्डको निर्माण गरेर कार्यान्वयन गर्न जरुरी छ । गाउँपालिकामा नागरिक सहायता कक्षको स्थापना गर्ने, गाउँपालिकाले प्रवाह गर्ने सेवाका बारेमा नागरिक वडापत्रमा स्पष्टरुपमा उल्लेख गरि सबैको पहुँच हुने ठाउंमा राख्ने र डिजिटल नागरिक बडापत्र बनाउने बारेमा गाउँपालिका निकै सकारात्मक रहेको छ ।
- परीक्षणबाट देखिएका सवल पक्षहरुको निरन्तरता र कमजोर पक्षहरुमा सुधार ल्याउनका लागि एकीकृत कार्ययोजना बनाएर कार्यान्वयन गर्न जरुरी छ ।

**अनुसुची १ छलफल तथा अभिमुखीकरण कार्यक्रममा सहभागीहरुको विवरण**

| क.सं. | सहभागीको नाम थर | पद/जिम्मेवारी | लिंग | जातजाति |
|---|---|---|---|---|
| १ | उमेशप्रसाद भट्ट 'विकास' | गाउँपालिका अध्यक्ष | पुरुष | ब्राम्हण |
| २ | बसन्ती पाल | गाउँपालिका उपाध्यक्ष | महिला | क्षेत्री |
| ३ | हर्षबहादुर रोका | प्रमुख प्रशासकीय अधिकृत | पुरुष | दलित |
| ४ | लोकेश बोहरा | प्रशासन शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ५ | लालबहादुर सेटी | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ६ | गणेश पाल | स्वास्थ्य शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ७ | भक्तराज भट्ट | सूचना तथा सञ्चार प्रविधि अधिकृत | पुरुष | ब्राम्हण |
| ८ | ई. टेकवबहादुर विष्ट | भौतिक पुर्वाधार शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ९ | शेमराज भट्ट | आर्थिक प्रशासन शाखा प्रमुख | पुरुष | ब्राम्हण |
| १० | यज्ञराज पन्त | जिन्शी शाखा प्रमुख | पुरुष | क्षेत्री |
| ११ | चन्द्रकान्त चटौत | पशु सेवा शाखा प्रमुख | पुरुष | ब्राम्हण |
| १२ | सन्तोष साँउद | कृषि विकास शाखा प्रमुख | पुरुष | क्षेत्री |
| १३ | दिनेश ऐडी | राजगार संयोजक | पुरुष | क्षेत्री |
| १४ | आँचल भट्ट | जनस्वास्थ्य निरिक्षक | महिला | ब्राम्हण |
| १५ | भुवनेश्वरी जोशी | महिला बालबालिका शाखा प्रमुख | महिला | ब्राम्हण |
| १६ | पदमा गुरुङ | सहजकर्ता | महिला | जनजाती |
| १७ | रामबहादुर धामी | सहजकर्ता | पुरुष | क्षेत्री |

**अनुसुची २ : कार्यदल विवरण**

| **क.सं.** | **नाम थर** | **पद** | **जिम्मवेवारी** | **लिंग** | **जातजाती** |
|---|---|---|---|---|---|
| १ | बसन्ती पाल | संयोजक | गाउँपालिका उपाध्यक्ष जेड्सी कार्ययोजना कार्यान्वयनको नेतृत्व | महिला | क्षेत्री |
| २ | लालबहादुर सेटी | सदस्य | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | पुरुष | क्षेत्री |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | चन्द्रकान्त चटौत | सदस्य | पशु सेवा शाखा प्रमुख | पुरुष | ब्राम्हण |
| ४ | नन्दलाल चुनारा | सदस्य | जनस्वास्थ्य निरिक्षक | पुरुष | दलित |
| ५ | भुवनेश्वरी जोशी | सदस्य सचिव | जेड्सी फोकल पर्सन | महिला | क्षेत्री |

**अनुसुची ३ : फोटोहरु**

लक्षित समुदायसंग छलफल अन्तक्रिया र दस्तावेजहरुको अध्ययन विश्लेषण





कार्यदल र विषयगत शाखासंग छलफल अन्तकृया











नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ। तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो। समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ ।

| सि.नं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणकोआधार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमासमावेशिता/सहभागिता (८) | ८ | १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैसअसासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैसअसास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे/नगरेको । | ०-१ | 0.5 | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आँसिक रुपमामात्र समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र समावेशी शब्द चयन र सहभागितामूलक हुने नगरेको। | स्वीकृत नीति तथा कानूनी दस्तावेजहरु स्वकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरु सम्बन्धित निर्णय फाइलहरु |
| २ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमा समावेशिता/सहभागिता (८) | | १.१.२ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैसअसासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे /नगरेको । | ०-१ | 0.5 | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे आँसिकरुपमा ( केही दस्तावेज) मात्र लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको सम्वन्धमा कुनै दस्तावेज उपर लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने नगरेको | नीति, कानून, योजना का दस्ताबेजहरू कार्यपालिकाका छलफल तथा निर्णयहरु |
| ३ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमा समावेशिता/सहभागिता (८) | | १.१.३ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी | ०-१ | 1 | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी | स्थानीय कानुन, नीति आवधिक र बार्षिक योजना सम्वन्धी दस्तावेजहरू स्थानीय राजपत्र |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विषयहरु समावेश भए /नभएको । | | | विषयहरु समावेश भएको । | विषयहरु आँसिक रुपमामात्र समावेश भएको । | विषयहरु समावेश नभएको । | |
| ४ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमासमाबेशिता/सहभागिता (८) | | १.१.४ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैसअसास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | ०-१ | 0.5 | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको र यस्तो नीति, स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको तर स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था नगरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरेको । | लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति दस्तावेज स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू स्थानीय राजपत्र |
| ५ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमा समावेशिता/सहभागिता (८) | | १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको / नराखिएको | ०-१ | 1 | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने सिमित प्रावधान मात्र राखिएको | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने कुनै प्रावधान नराखिएको । | स्थानीय। ऐन, नियम, कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज स्थानीय राजपत्र । |
| ६ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमा समावेशिता/सहभागिता (८) | | १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिँसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए / नमिलाएको । | ०-१ | 0.5 | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहि अनुरूप कार्यन्वयन हुने गरेको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वयन नभएको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुनेहिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध नमिलाएको । | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरू माहिला तथा वञ्चितीमा परेका समुदायहरुको स्वयम भनाइहरुको दस्तावेज |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमा समावेशिता/सहभागिता (८) | | १.१.७ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे । नरहेको । | ०-१ | 1 | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहेको र सो को कार्यान्वयन भएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधानमात्र रहेको तर सो को कार्यान्वयन नभएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा अन्त्य गर्ने कुनै प्रावधान नरहेको। | स्थानीय नीति तथा कानून, श्रमको ज्याला भुक्तानी दस्तावेज तथा विवरण |
| ८ | १. नीति, कानून, योजना (२०) | १.१. नीति र कानूनमा समावेशिता/सहभागिता (८) | | १.१.८ | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | ०-१ | 0.5 | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधानहरु रहेको र सो को कार्यान्वयन भएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको तर सो को कार्यान्वयन नभएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने कुनै प्रावधान नरहेको। | स्थानीय तहको श्रम नीति तथा कानून, दस्तावेज र समीक्षा प्रतिवेदन |
| ९ | १. नीति, कानून, योजना (२०) | १.२. योजना तर्जुमा तथा कार्यान्वयन (८) | ८ | १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | ०-१ | 1 | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरेको । | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम रहेको तर सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको । | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम नरहेको । | आवधिक योजना, वार्षिक विकास कार्यकम, लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम लक्ष्य तथा उपलव्धी सम्बन्धी आवधिक प्रतिवेदन |
| १० | १. नीति, कानून, योजना (२०) | १.२. योजना तर्जुमा तथाकार्यान्वयन (८) | | १.२.२ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य | ०-१ | 0.5 | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा केहि लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा कुनै पनि लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य | वार्षिक बजेट तथा विकास कार्यक्रममहिला तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन/प्रोफाईल, |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको । | | | फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने नगरेको । | |
| ११ | १. नीति, कानून, योजना (२०) | १.२. योजना तर्जुमा तथाकार्यान्वयन (८) | | १.२.३ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे / नगरेको । | ०-१ | 0.5 | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरेको । | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा केही मात्र लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका केही योजनामात्र प्राथमिकतामा पर्ने गरेको । | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने नगरेको । | सहभागी सूचीफोटो र वडास्तरबाट छनौट योजना तथा कार्यक्रमको सूची निर्णय पुस्तिका, स्वीकृत वार्षिक कार्यक्रम |
| १२ | १. नीति, कानून, योजना (२०) | १.२. योजना तर्जुमा तथाकार्यान्वयन (८) | | १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको । | ०-१ | 1 | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा निरन्तर (सबै योजना तर्जुमाका सबै चरणमा सधै) छलफल हुने गरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा कहिले काहिं मात्र (केहि योजना तर्जुमाका केहि चरणमा, कहिलेकाहिं) छलफल हुने गरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने नगरेको | बैठक निर्णय पुस्तिका, बजेट तर्जुमा मार्गदर्शन, बैठक पुस्तिका, स्वीकृत वार्षिक कार्यक्रम |
| १३ | १. नीति, कानून, योजना (२०) | १.२. योजना तर्जुमा तथा कार्यान्वयन (८) | | १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको । | ०-१ | 0.5 | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार सबै कार्यक्रम तय गर्ने गरिएको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार केही कार्यक्रम तय हुने गरेको। | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने नगरिएको। | महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था देखिने अवस्था विश्लेषण प्रतिवेदन, आवश्यकत पहिचान प्रतिवेदन, वार्षिक विकास कार्यक्रम |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | १. नीति, कानून, योजना (२०) | १.२. योजना तर्जुमा तथाकार्यान्वयन (८) | | १.२.६ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको । | ०-१ | 1 | स्थानीय तहले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गर्ने गरेको । | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसार केही कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने गरेको | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण नगर्नुको साथै बजेट विनियोजन पनि गर्ने नगरेको। | दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा वार्षिक विकास कार्यक्रम ) |
